# परिच्छेद - एक

## परिचय

कुनै पनि कार्यक्रमको खोज र अनुसन्धान निरन्तर रूपमा चलि रहन्छ । अनुसन्धानबाट नै त्यस कार्यक्रमको सफलता र असफलता थाहा पाउन सकिन्छ । यदि कुनै पनि कार्यक्रमको खोज र अनुसन्धान भएको छैन भने त्यो कार्यक्रमले के कति लक्ष्य हासिल गर्न सक्यो । त्यो थाहा हुन नसक्दा आगामी दिनमा त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्ने नगर्ने वा परिमार्जन गरी सञ्चालन गर्नु पर्ने त्यसको वास्तविक अवस्था थाहा हुदैन । यसले कार्यक्रम सञ्चालनमा बाधा उत्पन्न गराउँछ । यसरी त्यस कार्यक्रमको सफलता असफलता पत्ता लगाउनु अनुसन्धान गरिने भएकाले 'विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव' को मूल्याङ्कन निम्न आधारमा गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

यस संसारमा समाजको विकासक्रम सँगसँगै शिक्षाको पनि विकास भएको पाइन्छ । सामाजिक विकासका क्रममा शिक्षाले समाजमा प्रत्यक्ष रुपमा आर्थिक, साँस्कृतिक, राजनैतिक आदि क्षेत्रलाई पनि प्रभाव पार्दछ । जुन रुपले मानव जगतको विकास भयो त्यही रुपमा नै समाजको निर्माण तथा विकास भएको पाइन्छ । यसरी जुन ठाउँको शिक्षाले समाजलाई अग्रगति दियो ती मूलुकहरु चाँडै विकसित भए । तर जुन समाजमा शिक्षा कमजोरका रुपमा देखा पऱ्यो ती मूलुकहरु यथापी अविकसित वा अल्पविकसित मूलुकका रुपमा रहिरहेका छन् । (गुरागाईं, २०६७)

मानव सभ्यताको प्रारम्भदेखि मानिसले आफूलाई कसरी रोगबाट बचाउन सकिन्छ, के कसरी प्रभावकारी र उत्पादनमूखि बनाउन सकिन्छ भन्ने बारेमा चिन्तन मनन् र खोजबिन गर्दै आएको देखिन्छ । बालबालिकाहरु विद्यालयमा पढ्न जाने प्रचलन आएपछि उनीहरुलाई विद्यालयमा कसरी स्वास्थ्य र सुरक्षित राख्न सकिन्छ भन्ने बारेमा चासो लिन थालियो । यस्ता बिचार तर्क मन्थनको उपजको रुपमा सर्वप्रथम १७ औं शताब्दीको अन्त्यतिर युरोपबाट पाठशाला स्वास्थ्य गतिविधि (School Health Movement) को शुरुवात यस क्षेत्रमा काम नगर्ने असम्वन्धित व्यक्तिहरुबाट भएको पाइन्छ । विद्यार्थीहरुको स्वास्थ्य वृद्धि र विकासमा चासो राख्ने व्यक्तिहरुले विद्यालयले कसरी बालबालिकाको स्वास्थ्य प्रवर्द्धनमा योगदान पुऱ्याउन सक्छ भन्ने उपायहरु पत्ता लगाउनमा आफ्नो प्रयासलाई केन्द्रित

गरेको पाइन्छ । युरोपको प्रख्यात वैज्ञानिक John Peter Frank (1745 – 1821) ले विद्यालय स्वास्थ्यको विषयमा श्रृङ्खलावद्ध लेखहरु प्रकाशित गरेका थिए । सन् १८९० को दशकमा अमेरिकाको Boston and Philadelphia मा कुपोषणलाई कम गर्ने उद्देश्यले विद्यालयमा खाजा खुवाउने सरकारी कार्यक्रमको थालनी भयो । (बुढाथोकी र वाग्ले, २०६८)

विश्वका अविकसित मूलुकहरु मध्ये नेपाल एक ज्यादै गरिब देश हो । यहाँको कूल जनसंख्या मध्ये २२% किसानहरु भूमिहीन छन् । त्यसै गरी ६०% जनताहरुलाई वर्षभरि खान पुग्ने अन्न छैन् भने ४०% ले पोषणयुक्त खाना पनि खान नपाउने अवस्था छ । (गोरखापत्र २७०/९/१६) UNDP को मानव विकास प्रतिवेदन २०१३ Mar 15 अनुसार १६९ देशहरु मध्ये नेपाल १५७ औं स्थानमा देखा परेको देखाइएको छ । नेपालको कूल जनसंख्याको ४७% (प्रतिशत) जनसंख्या गरिबीको रेखामुनि रहेका छन् । यस्ता गरिवीका रेखामुनि रहेका देशका व्यक्तिहरुलाई शिक्षा प्राप्त गर्नु झन् चुनौतीको विषय बनेको छ । विकसित मूलुकहरुमा ९०% भन्दा बढी साक्षरता भएकोमा नेपालमा साक्षरताको प्रतिशत मात्र ६५.९% पुग्न सकेको छ । यसमा छात्रको सङ्ख्याभन्दा छात्राको अझै कम देखिन्छ । ६ वर्षदेखि १० वर्षसम्मका विद्यालय भर्ना भएका छात्रछात्रामध्ये एक चौथाईले कम्तिमा एक पटक एउटै कक्षा दोहोऱ्याउने गरेको देखिन्छ । यसरी कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने र भर्ना नै हुन नआउने कारणहरु धेरै छन् । यी मध्ये प्रमुख कारणहरुमा गरिवी, बालबालिकाहरुमा पारिवारिक बोझ, विद्यालय टाढा हुनु , विद्यालय भित्र जातजातिमा विभेद हुनु , कम उमेरका विद्यार्थीहरु भर्ना हुनु र बाबुआमा नै अशिक्षित हुनु हो । ( संयुक्त राष्ट्र्य संघ विकास कार्यक्रम, २०१३)

माथि दिइएका विभिन्न बाधा अड्चनहरुलाई निराकरण गर्न नेपालमा गरिवी निवारण गर्न, आर्थिक र सामाजिक उत्थान गर्न र मानवीय मूल्य र मान्यताको विकास गर्नका लागि शिक्षालाई मूल माध्यमका रुपमा लिइएको छ । देशको सर्वाङ्गिण विकास र मानवीय क्षमताको विकासका लागि साक्षरता शिक्षा नै प्रथम खुड्किलो भएकाले आधारभूत शिक्षाको स्तरलाई गुणस्तर युक्त बनाउन अति जरुरी हुन आउँछ । आर्थिक वर्ष २०५२/०५३ (सन १९९६ जनवरी १) देखि खाद्यान्न न्यून भएका तथा आधारभूत तहमा विद्यार्थी भर्ना प्रतिशत कम भएका जिल्लाहरुका छात्रछात्राहरुको लागि दिवा खाजाका रुपमा व्यवस्था गर्ने गरी विश्व खाद्य कार्यक्रम (WFP) र तत्कालिन श्री ५ को सरकारको संयुक्त लगानीमा शिक्षा मन्त्रालय अन्तर्गत आधारभूत विद्यालय पौष्टिक आहार कार्यक्रम परियोजना ३७१८ का रुपमा १८

महिनाका लागि सञ्चालन गरियो । पहिलो योजना ८ जिल्लाहरु - डोटी , डडेल्धुरा, आछाम, दैलेख, रुपन्देही, रुकुम, पर्सा र धनुषामा सञ्चालन गरिएको थियो । प्रत्येक वर्ष जिल्लाहरु थप गर्दै जाने क्रममा २०५५ सालमा सुर्खेत र सल्यान, २०५६ सालमा प्युठान र बैतडी, २०५७ सालमा जाजरकोट, बझाङ्ग, बाजुरा र दार्चुला गरी २०५७ साल सम्ममा १६ जिल्लामा विस्तार गरेको थियो । हाल आएर यो कार्यक्रम अन्य जिल्लाहरुमा लागु गर्ने क्रममा २२ जिल्लामा सञ्चालन भएको छ । (बुढाथोकी र वाग्ले, २०६८) परियोजनाले राखेको दीर्घकालिन उद्देश्यअनुसार आधारभूत शिक्षाको स्तर अभिवृद्धि गरी दक्ष मानवीय श्रोतको विकासमा सहयोग पुऱ्याउने छ, साथै खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति आवश्यक भएका जिल्लाहरुका परिवारका बालबालिकाहरुलाई आधारभूत शिक्षा पहुँचमा अभिवृद्धि गर्न तथा विद्यार्थीहरुको पोषण र स्वास्थ्य स्थितिमा सुधार ल्याउने कार्यक्रमको दीर्घकालिन उद्देश्य रहेको छ । यस परियोजनाका अल्पकालिन उद्देश्यहरु केही निम्न प्रकारका छन् ।

- विद्यार्थी हाजिरी प्रतिशतलाई वृद्धि गराउने,

- कक्षा छाड्ने परम्परालाई कम गराउने,

- विद्यार्थीको अध्ययन क्षमतालाई वृद्धि गराउन छोटो समयको निमित्त भोकबाट राहत (Relieving short-term hunger) दिने,

- छात्राहरुको भर्ना प्रतिशतमा अभिवृद्धि गर्ने,

- आर्थिक स्थितिमा सुधार गर्ने,

- छात्रा उत्प्रेरण कार्यक्रम लागु गर्ने ।

- विद्यालय परिवार र समुदायको संयुक्त प्रयासले लैङ्गिक भेदभाव हटाई विशेषतः छात्राहरुको भर्ना प्रतिशत वृद्धि गर्न खाजा कार्यक्रममा आमाहरुको सहभागिता बढाउने । उपयुक्त उद्देश्यहरु पूरा गर्नका लागि यो परियोजना लागु भएका जिल्लाहरुमा विद्यालय खुलेको दिन विद्यार्थीको उपस्थिति अनुसार आधारभूत विद्यालयका बालबालिकाहरुलाई पौष्टिक आहाराका रुपमा हलुवा बनाई खुवाउने गरेको पाइन्छ । खाजा बनाएर खुवाउनका लागि प्रति विद्यार्थी ८५ ग्रा. सर्वोत्तम पिठो, १५ ग्रा. चिनी, १० ग्रा. वनस्पति घ्यु उपलब्ध गराउँदछ । त्यसै गरी खाना बनाउने भान्से, पकाउने भाँडाकुँडा आदि समेत उक्त परियोजनाले उपलब्ध गराउँदै आएको थियो । उक्त परियोजनाको आवधिक मूल्याङ्कन समेत २ पटक

भइसकेको र यसले विद्यार्थीहरुको सिकाई उपलब्धीमा सुधार भएको प्रतिवेदन पेश गरेको थियो । ( बोहरा, २०६९)

हाम्रो नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता दिनप्रतिदिन बढ्दै गइरहेको छ । आधारभूत शिक्षामा गरेको लगानीलाई फलदायी बनाउन आधारभूत शिक्षामा सिकाइलाई बालमैत्री बनाउन विशेष गरी तल्ला कक्षामा दोहोऱ्याउने र बिचैमा पढाइ छाड्ने विद्यार्थीको संख्यामा कमी ल्याउन विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्न उपचारात्मक शिक्षण सिकाइबाट मात्र सम्भव हुन्छ । यसै दृष्टिकोणबाट नेपाल सरकार शिक्षा मन्त्रालयले हाल आधारभूत शिक्षाको कक्षा १-५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागु गरेको छ । आगामी शैक्षिक सत्रदेखि आधारभूत तहको कक्षा ८ सम्म क्रमशः लागु गर्दै जाने नीति लिएको छ । (पा.वि.के., २०६२)

तर मिति २०६४ साल भाद्र २ गतेको सप्तकोशीले पश्चिम कुशाहा स्थित कोशी बाँध फुटाए पश्चात त्यस क्षेत्रका बासिन्दाहरु त्यस क्षेत्रबाट विस्थापित हुनु पऱ्यो । कृषि उपज जमिन पनि कोशी नदिले पुरै बालुवा ढाकी उत्पादन हुन नसक्ने स्थितिमा पुऱ्यायो । विभिन्न दातृ निकाय, सरकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रबाट मानवीय सहयोग स्वरुप विभिन्न सामग्री तथा खाद्यान्नहरु बाँडिए । त्यस क्षेत्रका बालबालिकाहरुले पनि आफ्नो विद्यालय छाडी अन्यत्रै जानुपर्ने भयो । खानको लागि अभाव, बस्नको लागि छाप्रो नभएका बालबालिकाहरु विद्यालय जानु त कल्पना नै गर्न सकिदैन । त्यसो भएकाले त्यस क्षेत्रका बालबालिकाहरुलाई विद्यालयप्रति आकर्षित गराई शिक्षामा पहुँच पुऱ्याउन नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गत रहेको शिक्षा विभागले २०७४ साल देखि विद्यालयीय दिवा खाजा कार्यक्रम ६१ जिल्लामा सञ्चालन गरे मध्ये ओखलढुंगा पनि एक हो ।

यस जिल्लाका जम्म ८४ विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेको छ । उक्त कार्यक्रममा कार्यक्रम लागु भएका विद्यालयका विद्यार्थीहरुको उपस्थितिका आधारमा प्रत्येक दिन प्रति विद्यार्थी रु.१५ का दरले उपलब्ध गराउँदै आइरहेको छ । भोको पेटले कुनैपनि बालबालिकाले शिक्षा आर्जन गर्न सक्दैनन् भन्ने परिकल्पना स्वरुप कम आय भएका क्षेत्र तथा दलित जनजाती आदिको बाहुल्यता भएको क्षेत्रमा यो कार्यक्रम लागु गरिएको छ । विद्यालयले प्रत्येक महिना प्रत्येक विद्यार्थीको हाजिरी रेकर्ड शिक्षा कार्यालयमा पुऱ्याउनु पर्ने र शिक्षा कार्यालयले प्रत्येक महिना मासिक रुपमा विद्यार्थी उपस्थितिका आधारमा एकमुष्ट रकम विद्यालयलाई दिने गरेको पाइन्छ । विद्यालयमा प्राप्त भएको उक्त रकमलाई विद्यार्थीहरुका अभिभावक वा स्वयं विद्यार्थीहरुलाई दिइने गरिन्छ । उक्त रकम प्राप्त भए पश्चात

विद्यार्थीहरुले घरबाटै प्रत्येक दिन बेग्लाबेग्लै प्रकारका दिवा खाजा विद्यालयमा ल्याई खानु पर्ने अवस्था देखिन्छ । यसरी नेपाल सरकार शिक्षा विभागले आदिवासी जनजाती, दलित, भूमिहीन किसानको बाहुल्यता भएको क्षेत्रमा दिवा खाजा कार्यक्रम लागु गरी विद्यालयमा विद्यार्थीहरुलाई सिकाइ उपलब्धी प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्य अनुरुप यो कार्यक्रम लागु गरेको पाइन्छ । यस कार्यक्रमको मध्यावधि मूल्याङ्कन समेत हुन सकेको स्थिति देखिदैन । विद्यालय र शिक्षा कार्यालयमा समेत यस कार्यक्रमको मूल्याङ्कनका अभिलेखहरु प्राप्त छैनन् । शिक्षा कार्यालयले यस कार्यक्रमको आन्तरिक समिक्षा भने गरेको पाइन्छ ।

## १.२ अध्ययनको औचित्य

नेपाल एक कृषि प्रधान देश हो । यहाँका ७४% भन्दा बढी जनताहरु कृषि पेशामा आश्रित भएतापनि पेटभरि खान र आङभरि लुगा लगाउन पाएका छैनन् । विश्वमा अन्य देशहरुको तुलनामा हाम्रो देश नेपाल धेरै नै पछि परेको छ । यसको मुख्य कारण हो अशिक्षा, बेरोजगारी, भोक, रोग आदि । सन २००४ बाट नेपालले 'सबैलाई शिक्षा' भन्ने नारा लिएतापनि यथार्थमा सबैले शिक्षा प्राप्त गर्न सकेका छैनन् । नेपालका दुर्गम क्षेत्रका धेरैजसो बालबालिकाहरु पेटभरि खाना नपाई रोग र भोकले ग्रसित छन् । आङमा एकसरो कपडा लगाउन र खाली पेटलाई भर्न नसकेका बालबालिकाहरुका लागि विद्यालयीय शिक्षा प्राप्त गर्नु भनेको असम्भव हुन्छ । उनीहरुको दैनिक दिनचर्या भनेकै आफ्नु भोकलाई तृप्त पार्नु र आङमा एकसरो लुगा लगाउनु नै हुन्छ । उनीहरुलाई अहिले खायो भरे के खाउँ ? भरे खायो भोलि के खाउँ ? भन्ने अवस्थामा शिक्षाको कुरा पर रहन्छ । जवसम्म उनीहरुको जीवनमा शरिरमा कपडा र भोको पेटमा अन्न पर्दैन तबसम्म उनीहरुका लागि यस्ता नाराहरु नारामा सिमित रहन्छन् । शिक्षा प्राप्त गर्नका लागि सर्वप्रथम बालबालिकाहरुलाई पौष्टिक आहाराको आवश्यकता पर्दछ । जसले गर्दा उनीहरु स्वस्थ्य भइ शिक्षा प्राप्त गर्ने कार्यमा अग्रसर हुन सक्दछन । यिनै कुराहरुलाई मनन गरेर नेपाल सरकारले नेपालका खाद्यान्न उत्पादन कम भएका क्षेत्रहरुमा सहयोग पुऱ्याउने उद्देश्यले दिवा खाजा कार्यक्रम अन्तर्गत आधारभूत विद्यालयका बालबालिकाहरुलाई दिवा खाजाका रुपमा नगद प्रदान गर्दै आएको छ । खाद्यान्न कम उत्पादन हुने क्षेत्रका साथै आदिवासी जनजाति, दलित र भूमिहीन किसानको बाहुल्यता भएको क्षेत्रमा लागु गरिएको यो कार्यक्रम नेपालनको जम्मा १४ जिल्लामा लागु गरिएको छ । विद्यार्थी भर्ना वृद्धि गर्नु , नियमिततामा वृद्धि गर्नु बिचैमा कक्षा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु र सिकाइ उपलब्धीमा वृद्धि गर्ने उद्देश्य राखि २०७४ सालबाटै ओखलढुंगा जिल्लामा पनि यो कार्यक्रम

सञ्चालन गरियो । ओखलढुंगा जिल्लाका विभिन्न विद्यालयहरुमा यो कार्यक्रम लागु गरिएतापनि यसले राखेका उद्देश्यहरु पूरा हुन सक्यो वा सकेन साथै ती उद्देश्यहरु पूर्तिका लागि कार्यक्रम कार्यान्वयन केके समस्याहरु आए ती समस्याहरु कसरी समाधान गर्ने, समस्या आउन नदिन केके उपाय, प्रविधि, तरिका अपनाउने, लक्षित समूह कति लाभान्वित छन् ? र समग्र रुपमा उक्त कार्यक्रमले सिकाइमा कस्तो प्रभाव छाडन सक्यो, सिकाइ प्रक्रियामा सुधार ल्याइ दक्ष जनशक्ति उत्पादन गर्न यो कार्यक्रम अझ कसरी अगाडि बढाउने आदि सम्वन्धमा अनुसन्धान गर्नु जरुरी छ । अध्ययन अनुसन्धानको निष्कर्षबाट नै माथिका समस्याहरुमा सिकाइ उपलब्धि हाँसिल गराउन सकन्छि । यिनै कुराहरुलाई मध्यनजर राख्दै स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्ति गर्न थालिएको शोधकार्यको लागि ओखलढुंगा जिल्लाका आधारभूत विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव अध्ययन गर्न यो विषयवस्तु लिइएको छ । यस अध्ययनबाट प्राप्त हुने विश्लेषण, निष्कर्ष तथा सुझावले विश्वखाद्य कार्यक्रम, नेपाल सरकार, आधारभूत विद्यालय दिवा खाजा कार्यक्रम, जिल्ला शिक्षा कार्यालय ओखलढुंगा, स्वयं विद्यालयलाई समेत अझ प्रभावकारी तवरले यो कार्यक्रम सुधार गर्दै लैजान सहयोग मिल्नेछ । त्यस्तै कार्यक्रम सञ्चालन गर्ने दातृ निकाय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्थाहरु, गैरसरकारी संस्थाहरुलाई समेत यस अनुसन्धानले मार्ग निर्देशन गर्नेछ भन्ने विश्वास लिइएको साथै यस अध्ययनले केन्द्रदेखि जिल्ला सम्मका कर्मचारी, फिल्डमा काम गर्ने कर्मचारी, विद्यालय शिक्षक समेतलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याई आगामी कार्यक्रम सञ्चालनमा विना बाधा सफल पार्न सहयोग गर्नेछ भन्ने विश्वास लिइएको छ ।

### १.३ समस्याको कथन

दलित, आदिवासी, जनजाति आदि जातिको वाहुल्यता रहेको क्षेत्रमा नेपाल सरकारले लागु गरेको दिवा खाजा कार्यक्रमको असरको लेखाजोखा नै यसको समस्या हो । जसमा निम्न समस्याहरु भित्र रही यो अनुसन्धान कार्य सञ्चालन गरिएको छ ।

#### क) मूख्य प्रश्न

- विद्यार्थी भर्नादर र शैक्षिक उपलब्धि न्यून र कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दर उच्च जस्ता समस्याहरुलाई घटाई विद्यार्थीहरुमा सिकाइ उपलब्धि प्रदान गर्न दिवा खाजा कार्यक्रमले कसरी सहयोग गरेको छ ?

**ख) सहायक प्रश्न**

- कार्यक्रम लागु हुनु भन्दा पहिले माथिका ४ समस्याहरु (विद्यार्थी भर्नादर, कक्षा छाड्ने दर, कक्षा दोहोर्‍याउने दर र सिकाइ उपलब्धि) को अवस्था कस्तो थियो ?

- कार्यक्रम लागु भैसकेपछिको अवस्था कस्तो रह्यो ?

- पहिले र अहिलेको स्थितिमा सिकाइमा फरक आएमा के कारणले आयो ?

- कार्यक्रमलाई प्रभावकारी बनाउन केके गर्नुपर्ला ?

**१.४ अध्ययनको उद्देश्यहरु**

यस अध्ययनका लागि निम्नलिखित उद्देश्यहरु राखिएका छन् ।

क) आधारभूत विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव पत्ता लगाउने ।

ख) दिवा खाजा कार्यक्रम सञ्चालनले सिकाइ उपलब्धिमा देखिएका समस्या पहिचान गरी समाधानका उपायहरु पत्ता लगाउने ।

**१.५ अध्ययनको परिसिमा**

ओखलढुंगा जिल्ला चिशंखुगढी गाउँ शिक्षा शाखा अन्तर्गत पर्ने ३ वटै वडाहरु कुन्तादेवी, हर्कपुर र बरुणेश्वरका दिवा खाजा कार्यक्रम लागु भएको ६ वटै विद्यालयहरुलाई यस अध्ययन अनुसन्धानका लागि लिइनेछ । कार्यक्रम लागु हुनुभन्दा पहिलेको शैक्षिक सत्र र कार्यक्रम लागु भइसकेपछिको शैक्षिक सत्रको तथ्याङ्कहरुको तुलनात्मक अध्ययन गरी सिकाइ उपलब्धि पत्ता लगाइनेछ । अध्ययन अनुसन्धानकर्ताको सिमित श्रोत, साधन र समयको कारणले यिनै विद्यालय भित्र रही अध्ययन अनुसन्धान गरिएको छ । **१.६ शब्दावलीहरुको परिभाषा**

यस अध्ययन अनुसन्धानमा प्रयोग भएका विशिष्ट शब्दावलीहरुलाई तल प्रस्तुत परिभाषा अनुसार बुझाउनेछ ।

विद्यालय = विद्यालय भन्नाले दिवा खाजा कार्यक्रम लागु भएका सामुदायिक विद्यालयलाई लिइएको छ ।

कार्यक्रम = कार्यक्रम भन्नाले दिवा खाजा कार्यक्रमलाई बुझाउने छ ।

प्र.अ. = प्र.अ.भन्नाले दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयका प्रधानाध्यापकलाई लिइएको छ ।

शिक्षक = शिक्षक भन्नाले दिवा खजा कार्यक्रम लागु भएका विद्यालयका

शिक्षकहरुलाई लिइएको छ ।

वडा = वडाभन्नाले कार्यक्रम लागु भएका तीन (कुन्तादेवी, बरुणेश्वर र हर्कपुर) वडालाई लिइएको छ ।

जाति = जाति भन्नाले आर्थिक, सामाजिक, शैक्षिक आदि क्षेत्रमा पछाडि परेका जात जातिलाई लिइएको छ ।

औषत = औषत भन्नाले कार्यक्रम लागु भएका ६ वटा विद्यालयको औषतलाई लिइएको छ ।

## परिच्छेद - दुई

प्रस्तुत 'विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव' को अनुसन्धान गर्न विभिन्न पूर्व साहित्यहरूको अध्ययन गरिएको थियो ।

### २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययनलाई पूर्णता दिन विगतमा उक्त शीर्षकमा भएका अध्ययन अनुसन्धानले महत्वपूर्ण सहयोग पुऱ्याउँदछ । तर प्रस्तुत शीर्षक 'विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव' मा अध्ययन गर्न यो अनुसन्धानकर्ताद्वारा अध्ययनका क्रममा विभिन्न पाठ्यपुस्तकहरु, समाचारपत्र तथा विभिन्न बुलेटिनहरुको खोजी कार्य गर्दा प्रशस्त मात्रामा फेला नपरेकाले तल उल्लेखित केही पूर्व कार्यक्रमहरु जुन यस कार्यक्रमसँग मिल्दाजुल्दा रहेका छन त्यस कार्यक्रमसँग सम्वन्धित अनुसन्धानका प्रतिवेदनहरु, त्यसले देखाएका उद्देश्य, लक्ष्य र प्राप्तीहरु प्रति समिक्षा गर्दै यस कार्यक्रमको अनुसन्धान अगाडि बढाइएको छ । गोरखापत्र (२०६७/०५/१२), नेपालमा अधिकांश दलित, आदिवासी, जनजातिहरु गरिबीका चपेटामा परेका छन् । आदिवासी, जनजाति तथा दलित बालबालिकाहरु गरिबीका कारण सानै उमेरमा काम गर्नुपर्ने कारणले विद्यालय जान नपाउने, गए पनि बीचैमा पढाइ छाड्न बाध्य हुनु परेको छ । कक्षा ५ सम्म केही मात्रामा त्यस्ता विद्यार्थीहरु विद्यालय गए तापनि माथिल्ला कक्षामा उनीहरुको उपस्थिति न्यून रहेको पाइन्छ । कतिपय त्यस्ता विद्यार्थीहरुका अभिभावकहरुको चाहाना आफ्ना छोराछोरीहरुले विद्यालय गइ अध्ययन नगरुन भन्ने रहेको पाइन्छ । किनभने आफ्ना छोराछोरीहरुले दिन भरि उनीहरुलाई घरायसी काममा सघाउनु भन्ने इच्छा रहेको हुन्छ । उनीहरुसँग अन्तर्क्रिया गर्दा काम नगरे बेलुकी भोकै सुत्नु पर्ने कुरा बताउँछन । कापि कलम किन्ने पैसाले परिवारलाई एकछाक खान पुग्ने चामल आउने धारणा उनीहरुमा रहेको छ । कान्तिपुर दैनिक ( २०६८/९/२२), नेपालको कूल जनसंख्याको २०% भन्दा बढी आदिवासी, जनजाति र दलित जातिका रहेका छन् । यी समुदायवा जातिहरुले राज्यको सामाजिक, अर्थिक, राजनैतिक, प्रशासनिक, शैक्षिक लगायतका क्षेत्रमा विभेद खेपी रहनु परेको छ । अझै जातिय छुवाछुत जस्तो मानवलाई मानवताको रुपमा स्वीकार नगर्ने वा जातकै आधारमा भेदभाव गर्ने विभेदकारी र रुढीवादी नीति अहिलेसम्म समाजबाट हटिसकेको छैन् । वि.सं.२०३० सालको 'मूलुकी ऐन' २०४७ सालको संविधान तथा वि.सं. २०६३ सालको अन्तरिम संविधानमा समेत दलितहरु माथि भेदभाव गर्न नपाइने भनी छुवाछुत मुक्त घोषणा गरे तापनि हालसम्म यो छुवाछुत कायमै छ । यसैलाई निराकरण गर्न नेपाल सरकारले राहत

कार्यक्रम अन्तर्गत दलित छात्रवृत्ति प्रदान गरिदै आएको छ । महेन्द्रकुमार वोहरा (२०५९), खाद्यान्न न्यून र आधारभूत तहमा विद्यार्थी भर्ना प्रतिशत कम भएका जिल्लाहरुका छात्र-छात्राहरुका लागि पौष्टिक आहार कार्यक्रम सञ्चालनका लागि तत्कालिन श्री ५ को सरकार र विश्व खाद्य कार्यक्रम (WFP) को संयुक्त लगानीमा शिक्षा मन्त्रालय अन्तर्गत पौष्टिक आहार परियोजना सन १९९६ (वि.सं.२०५२/०५३) मा सुरुमा ८ जिल्लामा लागु गरी पछी क्रमशः बढाइएको थियो । उक्त परियोजनाको प्रभावकारिता मूल्याङ्कन गर्न विश्व खाद्य कार्यक्रमको अनुरोधमा कार्यक्रम सुरु भएको तीन वर्षपछि सन १९९९ मा New ERA, Kathmandu/Nepal ले A Base line Survey of Baitadi, Pyuthan, Salyan & Surkhet District Under the primary school Feeding Program पहिलो तथा सन २००० मा Mid-Term Review of Food Assistance to Primary school project (3718.01) under WFP programs) भन्ने अध्ययन गरेको थियो । उक्त अध्ययनबाट विद्यार्थीहरुको भर्ना, उपस्थिति र उतीर्ण प्रतिशतमा वृद्धि भएको र कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने सङ्ख्यामा कमि आएको देखाइएको छ । उक्त प्रतिवेदनमा केही सुझावहरु प्रस्तुत गर्दै यो कार्यक्रम प्रभावकारी रुपमा लागु गर्नुपर्ने देखाइएको छ । नागेश्वर सिँह (२०६६), नेपालमा आधारभूत शिक्षाको निमित्त आधारभूत तथा आधारभूत शिक्षा परियोजना -आ.प्रा.शि.प.) ले महत्वपूर्ण भूमिका खेलेको छ । सन १९९२ जुलाईदेखि सुरु भएको आ.प्रा.शि.प. पहिलो चरण र त्यस अघि कार्यान्वयन गरिएका शिक्षा परियोजनाहरुको अनुभवबाट दोश्रो चरणको कार्यक्रमले मूलत तीनवटा कुराहरुमा ध्यान केन्द्रित गरेको छ । आधारभूत तथा आधारभूत शिक्षा परियोजना दोश्रो (सन १९९९-२००४) सन २००४ जुलाई १५ तारिख अर्थात २०६१ साल असार मसान्तमा समाप्त भएपछि आधारभूत तथा आधारभूत शिक्षा कार्यक्रम तेश्रो चरणका रुपमा सञ्चालन नगरी 'सबैका लागि शिक्षा' डकार घोषणा पत्र कार्यढाँचा तथा सो अनुसारको नेपाल कार्ययोजना २००१-२०१५ का आधारमा 'सबैका लागि शिक्षा' कार्यक्रम २००४-२००९ तयार पारी कार्यान्वयनमा ल्याइएको हो । डकार मञ्चले सन २०१५ का लागि तोकेको ६ वटा मूल्य लक्ष्य अनुसार राष्ट्रिय कार्ययोजनाले आफ्नो कार्यको रुपरेखा तयार गरेको थियो । तर नेपालको भाषिक तथा जातिय यथार्थतालाई ध्यानमा राखि छुट्टै सातौ लक्ष्य निर्धारण गरी त्यसका लागि आवश्यक कार्ययोजना पनि बनाएको थियो । सबैका लागि शिक्षा (२००४-२००९) सन २०१५ सम्ममका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना हो । त्यसका आधारमा तयार गरिएको सबैका लागि शिक्षा (२००४-२००९) का मूख्य तीन उद्देश्यहरु थिए ।

क) आधारभूत शिक्षामा पहुँच तथा समता सुनिश्चित गर्ने,

ख) आधारभूत शिक्षाको गुणस्तर वृद्धि एवम् सान्दर्भिकता वृद्धि गर्ने,

ग) सबै विद्यालय तथा संस्थाहरुलाई आधारभूत सेवा उपलब्ध गराई तिनीहरुको सक्षमता तथा संस्थागत क्षमतामा सुधार गर्ने । गोरखापत्र (२०७०/०९/०३), नेपाल सन २०१५ सम्ममा 'सबैका लागि शिक्षा' को लक्ष्यको नजिक पुगेको छ । सन २००१ देखि विश्वव्यापी रुपमा सुरुभएको 'सबैका लागि शिक्षा' (इएफए) कार्यक्रमका लागि नेपालले पनि प्रतिवद्धता जनाएको छ । कार्यक्रम सकिन अब बाँकी २ वर्षको अवधिभित्र लक्ष्य अनुसारको उपलब्धि हाँसिल गरिसकिने दावी शिक्षा निकायले गरेको छ । सबैको लागि शिक्षा (इएफए) ले पूर्वआधारभूत तहमा सबै बालबालिका पहुँच पुऱ्याउने, आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गर्ने, जीवनोपयोगी शिक्षा प्रदान गर्ने र सबैलाई आफ्नो भाषामा शिक्षापाउने अधिकार सुनिश्चित गर्ने सात लक्ष्य लिएको छ । ईएफएको समिक्षा गर्न आयोजित कार्यक्रममा शिक्षा विभागले सबै लक्ष्यमा सुधार भएको कुरा उल्लेख गरेको छ । लक्ष्य नजिक पुग्न लागेको तर गुणस्तर र सिकाइ उपलब्धिमा समस्या देखिएको कुरा समेत औंल्याएको छ । युनेस्कोका नेपाल प्रमुखद्वारा तयार पार्न लागिएको प्रतिवेदन आगामी सन २०१५ पछिको शिक्षाको मार्गचित्रलाई महत्वपूर्ण हुनेछ ।

प्रेमसागर चापागाई (२०१३), मानव विकास प्रतिवेदन अनुसार ओखलढुंगा जिल्लाको कूल जनसंख्या७६३४७८ रहेको छ । यहाँको जनघनत्व ६०७ छ भने जनसङ्ख्या वृद्धिदर १.९९ रहेको छ । साक्षरता दर ६८.५% मात्रै रहेको अवस्था छ । ओखलढुंगा जिल्लामा १३९५०७ मे.ट. खाद्यान्न उपभोगका लागि आवश्यक परेतापनि ११९३२३ मे.ट. मात्र खाद्यान्न उत्पादन हुने भएकाले बाँकी २०१८४ मे.ट. खाद्यान्न बाहिरबाट आयात गरिनु परेको छ । यसरी खाद्यान्न सङ्कट हुने ओखलढुंगा जिल्लाका बालबालिकाहरुलाई आधारभूत तहमा दिइने दिवा खाजा कार्यक्रमको प्रभाव सिकाइमा पर्न सक्ने अवस्था रहन्छ । वि.सं.२०६५ साल भाद्र २ गतेका दिन सप्तकोशी नदीले कोशी नदीको पूर्वपट्टि तटवन्ध फुटाए पश्चात त्यस क्षेत्रका सम्पूर्ण विद्यार्थीहरु विस्थापित हुनु परेको थियो । त्यस क्षेत्रका बालबालिकाहरुलाई नियमित विद्यालय आउने वातावरण बनाउने विद्यालय भर्नामा वृद्धि गर्ने र सिकाइ उपलब्धि हाँसिल गराउन नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गत रहेको शिक्षा विभागले २०६६ सालदेखि दिवा खाजा कार्यक्रम सञ्चालनमा ल्याएको थियो । यो कार्यक्रम शिक्षा विभाग विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत एक कम्पोनेन्टका रुपमा सञ्चालित छ । २०६६ सालदेखि ओखलढुंगा जिल्लाको ८४ वटा विद्यालयमा सञ्चालित यो कार्यक्रमको मध्यावधि मूल्याङ्कन नभई जिल्ला शिक्षा

कार्यालयहरुले समिक्षा मात्रै गर्दै आइरहेका छन् । शिक्षा कार्यालयले गरेको कार्यक्रमको समिक्षामा उक्त कार्यक्रमले विद्यार्थी भर्ना नियमितता र सिकाइमा वृद्धि गरेको देखाइएको छ । विद्यालयमा अध्ययनरत बालबालिकाहरुको मासिक उपस्थिति गणना गरी दैनिक उपस्थितिका आधारमा प्रति विद्यार्थी रु.१२ का दरले एकमुष्ठ रकम विद्यालयको खातामा निकासा दिने र विद्यालयले विद्यार्थीहरुलार्य नगदै उपलब्ध गराउने कुरा बताइएको छ । यसको साथै समिक्षा बैठकले यो कार्यक्रमको खासै समस्या नदेखाए तापनि यो कार्यक्रम सबै विद्यालयहरुमा लागु हुनु पर्ने कुरामा जोड दिएको छ ।

यसरी विगतमा भए गरेका विभिन्न कार्यक्रमहरु मध्ये 'दिवा खाजा' कार्यक्रम पनि एक हो । यो कार्यक्रम विगत ५ वर्षदेखि नै सञ्चालन हुँदै आइरहेको छ । यसबाट विद्यालयमा गएर दिवा खाजा कार्यक्रम सहभागी भएका विद्यार्थीहरु, विद्यार्थीका अभिभावकहरु र सिङ्गो समाजलाई नै शैक्षिक क्रियाकलापमा कस्तो सहयोग पुऱ्याउन सकेको छ ? यो अनुसन्धानकर्ता यिनै लेख रचना आदिको अध्ययनबाट 'विद्यालयमा प्रदान गरिने खाजा कार्यक्रमले विद्यार्थीको सिकाइमा परेको प्रभाव' शीर्षकमा विस्तृत अध्ययन अनुसन्धान गर्नेछ । जुन अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्षले श्रोता, अनुसन्धानकर्ता एवम् राज्यलाई समेत नीति निर्माण कार्यमा सहयोग पुऱ्याउनेछ भन्ने मैले महशुस गरेको छु ।

## २.२ अध्ययनको सैद्धन्तिक खाका :

स्किनर (१९३०) का अनुसार कुनै पनि व्यवहार उत्तेजनाका कारणबाट देखा पर्नुलाई प्रतिक्रियात्मक व्यवहार भनिन्छ । स्किनरले सन १९३० मा क्रियापरक अनुसन्धान मुसामाथि प्रयोग गरेका थिए । त्यसै गरी उनले दोश्रो प्रयोग परेवामाथि गरेका थिए । यो सिद्धान्तबाट कुनैपनि कुरा सिक्न सिकारु तत्पर हुनुपर्दछ । सिकारु तत्पर छ र निरन्तर अभ्यास छ भने सिकाइ प्रभावकारी हुन्छ । त्यसकारण विद्यार्थी मूल्याङ्कनमा पनि यो सिद्धान्तको सम्वन्ध छ । मूल्याङ्कन एक पटक नगरेर विद्यार्थीले तत्काल सिकाइको क्रममा देखाउने प्रतिक्रियाको आधारमा यसका हरेक क्रियाकलापको निरन्तर रुपमा मूल्याङ्कन गर्दै जानुपर्दछ । विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने क्रममा सिकाइ क्रमशः सरलबाट जटिल तर्फ हुनुपर्दछ । सिकारुलाई तय गरिएको एउटा शैक्षिक उपलब्धिमा अभ्यस्त गराइ सकेपछि मात्र अर्को शैक्षिक उपलब्धितिर अगाडि बढाउनुपर्ने तथा विद्यार्थीका लागि तय गरिएका उपलब्धिहरु हासिल नभएसम्म सिकारुलाई पटक पटक शिक्षकले अभ्यास गराउनु पर्ने भन्ने कुराको लागि यो सिद्धान्तलाई आधार बनाइएको छ । (शर्मा २०५८ मा उद्धृतांश) प्यावलब (१९०४) का अनुसार कुनै पनि सिकाइ उत्तेजना र प्रतिक्रियामा आधारित हुन्छ । उनले कुकुरमाथि गरेर यो सिद्धान्त प्रतिपादन गरेका हुन । यस सिद्धान्तमा

कुकुरलाई घण्टी बजाउने र खाना दिने कार्य सँगसँगै गर्ने कार्य पटक पटक दोहोऱ्याई अभ्यस्त बनाउने कार्य गरिन्छ । यस सिद्धान्त अनुसार सिकारुलाई पटक पटक पूनर्बल दिइ सिकाइ कार्यमा अभ्यस्त गराउन सकिन्छ । जुन विद्यार्थीको लागि सिकाइ उपलब्धि हाँसिल गराउन पूनर्वलका रुपमा दिवा खाजा कार्यक्रम उपयोगि सिद्ध रहन्छ । (श्रेष्ठ, तामाङ्ग र बस्न्यात २०६७ मा उद्धृतांश)

थर्नडाइक (१९१३) का अनुसार सिकाइ भनेको ठीक व्यवहारलाई आत्मसात गर्नु तथा बेठीक व्यवहारलाई त्याग्दै जानु हो । सिकारुले पनि सिक्ने क्रममा विभिन्न प्रयासहरु गर्दा गर्दै र प्रतिक्रिया देखाउँदा देखाउँदै सफलता प्राप्त गर्नु सहि समाधान र प्रयासले मात्र स्थाइ रुपलिई सिकाइ स्थायी तथा प्रभावकारी हुने कुरामा जोड दिइएको छ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रमले तोकेका क्रियाकलाप तथा शैक्षिक सूचकलाई क्रमशः अभ्यस्त बनाउँदै निचोडमा पुग्नुपर्दछ । अभ्यासले मानिसलाई सिकाइ प्रति दत्तचित्त तथा उत्प्रेरित बनाउन मद्दत गर्ने हुँदा विद्यार्थी मूल्याङ्कनको क्रममा विद्यार्थीहरुलाई दैनिक रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरिक गराउँदै खाजा कार्यक्रमको मूल्याङ्कन गर्न सकिन्छ । (शर्मा २०५८ मा उद्धृतांश) मास्लो (१९४३) को सिद्धान्त अनुसार नै वर्तमान आधारभूत पाठ्यक्रममा सिकाइ उपलब्धिहरुलाई क्रमिक रुपमा संगठन गरिएको पाइन्छ । सिकाइ उपलब्धिहरु एकपछि अर्को गर्दै प्राप्त गर्न सकिने गरि सिकाइ अनुभवहरुको संगठन गरिएको छ । वर्तमान आधारभूत पाठ्यक्रमले विद्यार्थीहरुको सिकाइ उपलब्धि प्राप्त भए नभएको क्रमैसँग निरन्त मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ । एक चरणको उपलब्धि प्राप्त गरिसकेपछि मात्र अर्को चरणको सिकाइ उपलब्धि प्राप्त गर्नको लागि आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्ने व्यवस्था रहेको छ । साथै निश्चित सिकाइ उपलब्धि प्राप्त नभएमा सो प्राप्त गर्नका लागि उपयुक्त शैक्षणिक प्रक्रिया अपनाउनु पर्ने र सुधारात्मक शिक्षण गर्नुपर्ने व्यवस्था समेत गरेको छ । यसरी आधारभूत तहमा निर्धारित सिकाइ उपलब्धिहरु उनको उत्प्रेरणाको सिद्धान्त अनुसार नै राखिएको पाइन्छ । साथै उनको सिद्धान्त अनुसार निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत खाजा कार्यक्रममा विद्यार्थीहरुले क्रमश एकपछि अर्को गर्दै सिकाइ उपलब्धि प्राप्त गर्दै गएपछि मात्र कक्षा चढाउने व्यवस्था गरिएको छ । (शर्मा २०६५ मा उद्धृतांश )

## २.३ अध्ययनको उपादेयता :

मूल्याङ्कन गर्ने क्रममा विद्यार्थीले के कति सिके भनेर मूल्याङ्कनका साधनहरु प्रयोग गरि विद्यार्थीको क्रमिक रुपमा निरन्तर मूल्याङ्कन गरिन्छ । यसमा कक्षा कार्य, गृहकार्य, व्यवहार परिवर्तन, हाजिरी,

अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य आदि निरन्तर रुपमा सञ्चालन गरिन्छ । यसरी विद्यार्थीहरुको पठन पाठनसँग उनीहरुको निरन्तर मूल्याङ्कन गरि सिक्न नसकेका कुराहरुलाई थप पृष्ठपोषण प्रदान गरि सिकाइ उपलब्धि हाँसिल गराइन्छ । यसरी पृष्ठपोषण प्रदान गर्ने माध्यम दिवा खाजा कार्यक्रम पनि एक हो । यसको कार्यन्वयनको अवस्था पत्ता लगाई यस कार्यक्रमको उपयोगिता र देखा परेका समस्याहरुको समाधान खोजि समेत यस अध्ययनले गर्ने भएको हुँदा यस समस्यासँग सम्वन्धित विद्यार्थी, शिक्षक, अभिभावक, विद्यालय लगायत सम्पूर्ण पक्षकालागि यो अध्ययन उपयोगि सावित हुनेछ ।

# परिच्छेद - तीन

## अध्ययन विधि

### ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन अनुसन्धान कार्यक्रम लागु भएको सुरुकै अवस्थाबाट यससँग सम्वन्धित पूर्वज्ञानको पुनरावलोकान उपयुक्त तरिका प्रयोग गरी तथ्याङ्क सङ्कलन, प्रस्तुति विश्लेषण गरिनेछ । यसले विद्यालयमा प्रदान गरिने खाजा कार्यक्रमको प्रभावकारिता स्पष्ट गराउँदछ । अनुसन्धानलाई विश्वसनिय र वैधता प्रदान गर्न विशेषज्ञहरुको उपस्थिति समेत गरएको थियो । खासगरी अन्तवार्ता, अभिलेख अध्ययन र लक्षित समूह छलफल गराइ निष्कर्षमा पुगिएको छ ।

### ३.२ जनसङ्ख्या

यस अध्ययन अनुसन्धानमा जनसङख्या छनौटका लागि ओखलढुंगा जिल्लाका ७ वटा स्थानीय तह मध्ये आदिवासी जनजाति, दलित र पिछडावर्ग आदि जातिको बाहुल्यता भइ दिवा खाजा कार्यक्रम लागु भएका कुन्तादेवी हर्कपुर र बरुणेश्वर तीन स्थानीय तहलाई उद्देश्य मूलक नमूनाका आधारमा छनौट गरिएको छ ।

### ३.२.१. विद्यालय छनौट

दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव सङ्कलन गर्न कुन्तादेवी, हर्कपुर र बरुणेश्वर वडाका खाजा कार्यक्रम लागु भएका सबै विद्यालयहरुलाई छनौट गरिएको छ ।

### ३.२.२. प्रधानाध्यापकहरुको छनौट

यस अध्ययन अनुसन्धानका लागि सही सूचना सङ्कलन गर्न यी ३ वटै वडाका खाजा कार्यक्रम लागु भएका सबै विद्यालयका प्रधानाध्यापकहरुलाई जनसंख्याको रुपमा छनौट गरिएको छ ।

**३.२.३. शिक्षकहरुको छनौट** यस अध्ययन अनुसन्धानका लागि छनौट गरिएका सबै विद्यालयका कक्षा ५ का वर्ग शिक्षकलाई अन्तर्वार्ताका लागि छनौट गरिएको छ ।

### ३.२.४.अभिभावकहरुको छनौट

अध्ययन अनुसन्धान गरी सिकाइको प्रभावबारे सही तथ्याङ्क सङ्कलन गर्न छनौटमा परेका विद्यालयका आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरुका अभिभावक मध्ये संयोग नमूना छनौटका आधारमा प्रत्येक विद्यालयबाट २/२ जना अभिभावकहरु छनौट गरिएको छ ।

### ३.२.५. विद्यार्थीहरुको छनौट

अध्ययन अनुसन्धानमा सबै विद्यार्थीहरुलाई छनौट गर्न सम्भव हुँदैन । अनुसन्धानकर्ताको परिस्थिति र समय अनुसार सूचना सङ्कलनका लागि निश्चित विद्यार्थीलाई छनौटमा पार्न सकिनेछ । त्यसै अनुसार यस अनुसन्धानमा सूचना सङ्कलनका लागि छनौटमा परेका विद्यालयहरुका आधारभूत तहका विद्यार्थीहरुमध्ये ५/५ जना विद्यार्थीहरु संयोग नमूना छनौटका आधारमा छनौट गरिएको छ ।

## ३.३. साधनहरुको निर्माण

यस अध्ययन अनुसन्धानका लागि सही सूचना सङ्कलन गर्न विभिन्न साधनहरुको निर्माण गरिएको छ ।

### ३.३.१. तथ्याङ्क सङ्कलन फारम

तथ्याङ्क सङ्कलनका लागि दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयहरुबाट यो कार्यक्रम लागु हुनुभन्दा पहिलेको विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क, भर्नादर, कक्षा दोहोऱ्याउने दर बीचैमा कक्षा छाड्ने विद्यार्थी संख्या र कार्यक्रम लागु भए पश्चात विद्यार्थीहरुले प्राप्त गरेको प्रप्ताङ्क, भर्नादर, कक्षा दोहोऱ्याउने दर, बीचैमा कक्षा छाड्ने विद्यार्थी संख्या सङ्कलन गर्न तथ्याङ्क सङ्कलन फारम प्रयोग गरिनेछ । तथ्याङ्क सङ्कलन फारमको नमूना अनुसूची १ मा उल्लेख गरिएको छ ।

### ३.३.२. अन्तर्वार्ता प्रश्नावली

यो एक प्रकारको सूचना सङ्कलन गर्ने साधन हो । यो प्रश्नहरुको सङ्ग्रह पनि हो । सही तथ्याङ्क सङ्कलन गर्न उत्तरदातासँग प्रश्न सोध्नु अगावै निश्चित विषयमा तोकिएको उद्देश्य प्राप्तीका लागि यो प्रश्नावली निर्माण गरिनेछ । दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभावको सही तथ्याङ्क सङ्कलन गर्न ओखलढुंगा जिल्ला स्थित खाजा कार्यक्रम संयोजक, प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीहरुका लागि बन्द र खुल्ला अन्तर्वार्ता प्रश्नावली निर्माण गरिनेछ । अन्तर्वार्ता प्रश्नावलीहरुको नमूना क्रमशः अनुसूची २, ३, ४, ५ र ६ मा उल्लेख गरिएको छ ।

### ३.३.३. लक्षित समूह छलफल

अध्ययन अनुसन्धानका लागि छनौटमा परेका प्रत्येक विद्यालयका आधारभूत तहका विद्यार्थीहरुलाई खाजा कार्यक्रमबाट शैक्षिक स्थिति, पढाइप्रतिको रुची, घरको आर्थिक अवस्था शिक्षण विधि तथा समग्र शैक्षिक उपलब्धिमा पारेको प्रभावको बारेमा लक्षित समूह छलफल गराइनेछ । लक्षित समूह छलफलका विषयवस्तुहरु अनुसूची ७ मा उल्लेख गरिएको छ ।

### ३.३.४. अवलोकन फारम

अवलोकन फारम एक प्रकारको व्यवहार निर्देशित फारम हो । यस अन्तर्गत दिवा खाजा कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा कस्तो प्रभाव पार्न सक्यो भन्ने कुरा अनुसन्धानकर्ताद्वारा कक्षा अवलोकन गरिनेछ । विद्यार्थीहरुको व्यवहार अवलोकन गरी सही तथ्याङ्क सङ्कलन गर्न अवलोकन फारम तयार पारी लागु गरिनेछ । अवलोकन फारमको नमूना अनुसूची ८ मा उल्लेख गरिएको छ ।

### ३.४. साधनको वैद्यता

तथ्याङ्क सङ्कलनका साधनहरुको वैद्यताका लागि अन्य विधिहरुको प्रयोगमा ल्याउन समय अभावका कारणले शोध निर्देशकलाई देखाए निर्देशकहरुको सल्लाह र सुझावका आधारमा साधन निर्माण गरी उक्त साधनहरुको पूर्वपरीक्षणद्वारा वैधता कायम गरिएको छ ।

### ३.५. तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलनका लागि छनौटमा परेका विद्यालयहरुमा गई प्रधानाध्यापकहरुलाई भेटी अध्ययनको सम्पूर्ण उद्देश्य बताई अध्ययनका लागि अनुमति दिइनेछ । त्यसपछि शिक्षक, विद्यार्थी, अभिभावकहरुसँग अनुसन्धानकर्ता स्वयं उपस्थित भइ तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६. तथ्याङ्कको श्रोतहरु

### ३.६.१.प्राथमिक तथ्याङ्क

यस अध्ययन अनुसन्धानमा आधारभूत तथ्याङ्कलाई बढी जोड दिइनेछ । आधारभूत तथ्याङ्क सङ्कलनका लागि जिल्ला स्थित दिवा खाजा कार्यक्रम संयोजक, प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थीहरु नै आधारभूत तथ्याङ्क श्रोत मानिएका छन् ।

### ३.६.२. सहायक तथ्याङ्क

सहायक तथ्याङ्कका रुपमा विभिन्न किसिमका अनुसन्धानात्मक पुस्तकहरु, लेखहरु, सामाग्रीहरु, दिवा खाजा कार्यक्रम कार्यालयबाट उपलब्धहरु सन्दर्भ सामग्रीका रुपमा लिइनेछ । तिनीहरुलाई सहायक तथ्याङ्कको रुपमा लिइएको छ ।

### ३.७. अभिलेख अध्ययन

अध्ययनमा संलग्न विद्यालयका विद्यार्थीहरुको हाजिरी रेकर्ड, परीक्षाको प्राप्ताङ्क, कक्षा दोहोऱ्याउने दर, बीचैमा कक्षा छाड्ने दर समेत अध्ययन अनुसन्धानकर्ता स्वयं उपथित भई तत्सम्वन्धि अभिलेखहरुको अध्ययन गरिएको छ ।

३.८. अध्ययनको रणनीति

| क्र. सं. | उद्देश्यहरु | विधि | प्रतिक्रियादाता: अभिलेख | प्र.अ. | शिक्षक | अभिभावक | विद्यार्थी |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले सिकाइ पारेको प्रभाव पत्ता लगाउने । | अन्तरवार्ता | | √ | √ | √ | |
| | | प्रश्नावली | | √ | √ | √ | |
| | | लक्षित समूह छलफल | | | | | √ |
| | | अवलोकन | | | | | |
| २ | दिवा खाजा कार्यक्रम सञ्चालनल सिकाइ उपलब्धिमा देखिएका समस्या पहिचान गरी समाधानका उपायहरु पत्ता लगाउने । | अन्तरवार्ता | √ | | | | √ |
| | | प्रश्नावली | | √ | √ | √ | |
| | | लक्षित समूह छलफल | | √ | √ | √ | |
| | | अवलोकन | | | | | √ |

## परिच्छेद - चार

### तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव अध्ययन गर्नका लागि यो कार्यक्रम लागु भएका विद्यालयहरुको सर्वेक्षण, प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, दिवा खाजा कार्यक्रमका जिल्ला प्रमुख आदि सूचना दाताहरुका लागि प्रश्नावली निर्माण गरी अन्तरवार्ता लिइएको थियो । जसबाट प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई यहाँ प्रस्तुत गरी तपसिलका बुँदागत रुपमा विश्लेषण गरिएको छ ।

### ४.१ विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव

### ४.१.१. विद्यालय सर्वेक्षणबाट प्राप्त तथ्याङ्को प्रस्तुतीकरण

ओखलढुंगा जिल्ला अन्तर्गत कुन्तादेवी, बरुणेश्वर र हर्कपुर वडाका कार्यक्रम लागु भएका ६ वटा विद्यालयबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । ती विद्यालयहरुमा आधारभूत तहको मात्र सर्वेक्षण गरिएको थियो । ती विद्यालयहरुबाट सङ्कलीत तथ्याङ्कहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ४.१.१.१. विद्यार्थी भर्ना सम्वन्धि विवरण

तलिका नं. ४.१

विद्यार्थी भर्ना सम्वन्धि विवरण

| कक्षाहरु | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | | कार्यक्रम लागुभइसकेपछिको वष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | १७६ | १३१ | ३०७ | २११ | १५१ | ३६२ |
| २ | १०८ | ७२ | १८० | १२८ | ८२ | २१० |
| ३ | ८२ | ६० | १४२ | ८८ | ७० | १५८ |
| ४ | ४६ | ४१ | ८७ | ६८ | ४५ | ११३ |
| ५ | ४६ | १७ | ६३ | ४८ | ३० | ७८ |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

### ४.१.१.२ कक्षामा विद्यार्थीहरुको उपस्थितिसम्वन्धी विवरण

तालिका नं. ४.२

कक्षामा विद्यार्थीहरुको औषत उपस्थिति (प्रतिशतमा)

| कक्षाहरु | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | | कार्यक्रमलागुभइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | ६९ | ६७ | ६८ | ७५.५ | ७३.५ | ७४.५ |
| २ | ६९ | ६९ | ६९ | ७५ | ७१ | ७३ |
| ३ | ७२ | ६९ | ७० | ७६.५ | ७४.५ | ७५.५ |
| ४ | ७४ | ७३ | ७३.५ | ७७ | ७४.५ | ७५.७५ |
| ५ | ७७ | ७४ | ७५.५ | ८० | ७८ | ७९ |
| औषत | ७२.२ | ७०.४ | ७१.३ | ७६.८ | ७४.८ | ७५.३५ |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

### ४.१.१.३ कक्षा छाड्ने( वर्षको अन्त्यसम्ममा) विद्यार्थी विवरण

तलिका नं. ४.३

वर्षको अन्त्यसम्ममा कक्षा छाड्ने विद्यार्थीको संख्या

| कक्षाहरु | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | | कार्यक्रम लागु भइ सकेपछिको वष कक्षाहरु | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | २० | ३० | ५० | १० | १५ | २५ |
| २ | १८ | २० | ३८ | ८ | ८ | १६ |
| ३ | १२ | १८ | ३० | ५ | ७ | १२ |
| ४ | १२ | १० | २२ | ४ | ६ | १० |
| ५ | ९ | ११ | २० | ४ | ५ | ९ |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

### ४.१.१.४ कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको विवरण

तालिका नं. ४.४

कक्षा दोहोऱ्याउने विद्यार्थी विवरण

| कक्षाहरु | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | | कार्यक्रम लागु भइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | ६० | ५४ | ११४ | ४५ | ४० | ८५ |
| २ | १२ | १२ | २४ | १० | ९ | १९ |
| ३ | १० | ९ | १९ | ७ | ६ | १३ |
| ४ | ६ | ५ | ११ | ३ | ४ | ७ |
| ५ | ४ | ३ | ७ | २ | ३ | ५ |
| जम्मा | | | | | | |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या ६

### ४.१.१.५. परीक्षामा पास भएका विद्यार्थीहरुको विवरण

तालिका नं. ४.५

परीक्षामा पास भएका विद्यार्थीहरुको विवरण

| कक्षाहरु | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | | कार्यक्रम लागुभइसकेपछिको वष | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक परीक्षामा सम्मिलित | सफल भएका | असफल भएका | वार्षिक परीक्षामा सम्मिलित | सफल भएका | असफल भएका |
| १ | २५७ | १०१ | १५६ | ३३७ | १७५ | १६२ |
| २ | १४२ | ८० | ६२ | १९४ | १२० | ७४ |
| ३ | ११२ | ७० | ·४२ | १४६ | ·९५ | ·५१ |
| ४ | ६५ | ४५ | २० | १०२ | ८५ | १८ |
| ५ | ४३ | ३५ | ८ | ६९ | ५० | १९ |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

### ४.१.१.६. वार्षिक परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको औषत प्रतिशत र प्राप्ताङ्क

तलिका नं. ४.६

अन्तिम परीक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप(प्रतिशताङ्क)

| कक्षा | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | कार्यक्रम लागुभइसकेपछिको वर्ष | |
|---|---|---|---|---|
| | औसत प्राप्ताङ्क | प्रतिशत | औसत प्राप्ताङ्क | प्रतिशत |
| १ | २२० | ३५ | २२० | ३७ |
| २ | २१५ | ३६ | २३० | ३८ |
| ३ | २७० | ४५ | २९० | ४८ |
| ४ | ३०५ | ५१ | ३२० | ५३ |
| ५ | ३२० | ५३ | ३६० | ६० |

१-५ पूर्णाङ्क ६००

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

### ४.१.२. विद्यालय सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषण

'विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव' अध्ययनका लागि कार्यक्रम लागु हुनुभन्दा १ वर्ष अगाडिको शैक्षिक सत्र र कार्यक्रम लागु भएपछिको १ वर्षपछिको शैक्षिक सत्रका विद्यार्थीहरुको विद्यालयमा भर्ना, कक्षामा विद्यार्थीहरुको दैनिक उपस्थिति, वर्षको अन्त्यसम्ममा कक्षा छाड्ने विद्यार्थीहरु, कक्षा दोहोऱ्याउने विद्यार्थीहरु र विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अन्तर नै सिकाइमा परेको प्रभाव हो । तसर्थ विद्यालयबाट प्राप्त तथ्याङ्कका आधारमा दिवा खाजा कार्यक्रम लागु गर्दा र नगर्दाका समयमा विद्यालयमा भर्ना भएको अवस्था, कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने र शैक्षिक उपलब्धिका आधारमा सिकाइमा परेको प्रभावको अध्ययन गर्न सकिन्छ । यहाँ प्रस्तुत सम्पूर्ण तथ्याङ्कहरु विद्यालय सर्वेक्षणबाट प्राप्त भएकाले ती तथ्याङ्कहरुलाई बुँदागत रुपमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

### ४.१.२.१ भर्ना सम्वन्धि विश्लेषण

कार्यक्रम लागुहुनुभन्दा एक वर्ष अगाडिको शैक्षिक सत्र र कार्यक्रम लागु भइसकेको एक वर्ष पछिको शैक्षिक सत्रमा प्रत्येक कक्षामा भर्ना भएका औषत विद्यार्थीहरु निम्न वमोजिम तालिकामा देखाइएको छ ।

तालिका नं. ४.७

औषत विद्यार्थी भर्ना

| कक्षाहरु | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | | कार्यक्रम लागु भइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| **१** | ३० | २१ | ५१ | ३५ | २५ | ६० |
| **२** | १८ | १२ | ३० | २१ | १४ | ३५ |
| **३** | १४ | १० | २४ | १५ | १२ | २७ |
| **४** | ८ | ७ | १५ | ११ | ८ | १९ |
| **५** | ८ | ३ | ११ | ८ | ५ | १३ |
| **कूल औस** | ७८ | ५३ | १३१ | ९० | ६४ | १५४ |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

उपर्युक्त तालिकामा कार्यक्रम लागु हुनुभन्दा अगाडि र कार्यक्रम लागु भइसकेपछिको शैक्षिक सत्रको प्रत्येक कक्षामा भर्ना भएका औषत विद्यार्थीहरुको संख्या देखाइएको छ । कार्यक्रम लागु हुनुभन्दा अगाडि ६ वटा विद्यालयको औषत विद्यार्थी भर्नामा केटा ७८ र केटी ५३ र कूलमा १३१ छ भने कार्यक्रम लागु पश्चात औषत विद्यार्थी भर्ना केटा ९० केटी ६४ र कूल औषतमा १५४ देखिन्छ । यसरी तुलनामा कार्यक्रम लागु पश्चात विद्यार्थीहरुको कूल औषत भर्नामा उल्लेखनिय वृद्धि भएको देखिन्छ । तसर्थ विद्यार्थी भर्नामा वृद्धि हुनु पनि कार्यक्रमले सिकाइमा पारेको प्रभाव हो ।

तथ्याङ्कशास्त्रीय विश्लेषण गर्दा प्राप्त भएका परिणामहरु र विश्लेषण- तथ्याङ्कशास्त्रीय विश्लेषण गर्दा कार्यक्रम लागु हुनुभन्दा १ वर्ष अगाडिको शैक्षिक सत्र र कार्यक्रम लागु पश्चातको शैक्षिक सत्रको तथ्याङ्क लिइएको छ ।  मूल्य भन्दा कम देखिएकाले दुई औषतबीचको फरकको तथ्याङ्क शास्त्रीय महत्व देखिदैन । अत : कार्यक्रमले विद्यार्थी भर्नामा दिवा खाजा कार्यक्रमले कुनै प्रभाव पारेको देखिदैन । तथ्याङ्कशास्त्रीय हिसाव अनुसूचि ९ मा देखाइएको छ ।

### ४.१.२.२ कक्षामा हुने उपस्थिति सम्वन्धको विश्लेषण

दिवा खाजा कार्यक्रम लागुहुनुभन्दा अगाडि र लागु पश्चात प्रत्येक कक्षामा विद्यार्थीहरुको उपस्थिति प्रतिशतलाई औषत रुपमा निम्न वमोजिम तालिकामा देखाइएको छ

तालिका नं. ४.८

विद्यार्थीहरुको औषत उपस्थिति(प्रतिशत)

| · कक्षाहरु | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | | कार्यक्रम लागुभइसकेपछिको वष · | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | ६९ | ६७ | ६८ | ७५.५ | ७३.५ | ७४.५ |
| २ | ६९ | ६९ | ६९ | ७५ | ७१ | ७३ |
| ३ | ७२ | ६९ | ७०.५ | ७६.५ | ७३.५ | ७५ |
| ४ | ७४ | ७३ | ७३.५ | ७७ | ७४ | ७५.५ |
| ५ | ७७ | ७४ | ७५.५ | ८० | ७८ | ७९ |
| कूल औस | ७२.२ | ७०.४ | ७१.३ | ७६.८ | ७४ | ७५.४ |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

उपर्युक्त तालिकामा कार्यक्रम लागुहुनुभन्दा अगाडि र कार्यक्रम लागु पश्चातको प्रत्येक कक्षामा केटा र केटीको छुट्टाछुट्टै तथा दुवैको कूल औषत उपस्थिति देखाइएको छ । कार्यक्रम अगाडि र कार्यक्रम पछाडिमा कक्षा १-५ सम्मका केटाहरुको कूल औषत उपस्थिति क्रमशः ७२.२ र ७६.८ प्रतिशत रहेको छ भने केटीहरुको कूल औषत उपस्थिति क्रमशः ७०.४ प्रतिशत र ७४ प्रतिशत छ । यसरी हेर्दा यो कार्यक्रमले केटा र केटी दुवैको औषत उपस्थितिमा वृद्धि गरेको छ । तसर्थ तालिका अनुसार कार्यक्रम लागु हुनुभन्दा अगाडि भन्दा कार्यक्रम लागु भइसके पश्चात विद्यार्थीहरुको उपस्थिति बढी देखिएकाले यस कार्यक्रमको प्रभाव बढ्न गइ सिकाइ पनि बढ्ने देखिन्छ । विद्यार्थीहरुको उपस्थितिमा वृद्धि दिवा खाजा कार्यक्रम लागु हुनुभन्दा अगाडिको शैक्षिक सत्रको तुलनामा कार्यक्रम लागु भइसकेपछिको वर्ष ( शैक्षिक सत्र) मा विद्यार्थीहरुको उपस्थितिमा भएको वृद्धिलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. ४.९

विद्यार्थीहरुको उपस्थिति वृद्धि(प्रतिशत)

| कक्षाहरु | कार्यक्रम लागु पूर्वको भन्दा कार्यक्रम लागुभइसके पछिको | | |
|---|---|---|---|
| | केटा | केटी | जम्मा |
| १ | ६.५ | ६.५ | ६.५ |
| २ | ६ | २ | ४ |
| ३ | ४.५ | ४.५ | ४.५ |
| ४ | ३ | १ | २ |
| ५ | ३ | ४ | ३.५ |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएकाविद्यालय संख्या = ६

माथिको तालिका अनुसार प्रत्येक कक्षामा केटा केटी र दुवैको कुल उपस्थितिमा कार्यक्रम लागु हुनुभन्दा अगाडिको तुलनामा कार्यक्रम लागु भइसकेपछि वृद्धि भएको देखाइएको छ । यसबाट कार्यक्रमले विद्यार्थीहरुको उपस्थिति बढाइ सिकाइमा प्रभाव पार्न सकेको देखिन्छ । माथि परिणाम विवरण≡कार्यक्रम लागु हुनुभन्दा अगाडिको र≡कार्यक्रम लागु भइसके पछिको स्थिति हो । यहाँ कार्यक्रम लागु हुनुभन्दा कार्यक्रम लागु भइसके पछिको औषत उपस्थितिमा ४ को फरक देखिएको छ ।

### ४.१.२.३ वर्षको अन्त्यसम्ममा कक्षा छाड्ने विद्यार्थीहरुको विश्लेषण

कार्यक्रम लागु हुनुभन्दा अगाडि र कार्यक्रम लागु भइसकेपछिको वर्षको अन्त्यमा कक्षा छाड्ने गरेका विद्यार्थीहरुको तथ्याङ्कलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

तालिका नं. ४.१०

कक्षा छाड्ने गरेका विद्यार्थीहरु(प्रतिशतमा )

| कक्षाहरु | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | | कार्यक्रम लागुभइसकेपछिको वष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | ११ | २३ | १७ | ५ | १० | ७.५ |
| २ | १७ | २८ | २२.५ | ६ | १० | ८ |
| ३ | १५ | ३० | २२.५ | ६ | १० | ८ |
| ४ | २६ | २४ | २५ | ६ | १३ | ९.५ |
| ५ | १७ | ६४ | ४०.५ | ८ | १७ | १२.५ |
| कूल औस | १७ | ३४ | २५.५ | ६ | १२ | ९ |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

माथिको तालिकामा कार्यक्रम लागुहुनु भन्दा अगाडि र कार्यक्रम लागु भएपछिको प्रत्येक कक्षामा कक्षा छाड्ने विद्यार्थीहरुको प्रतिशत देखाइएको छ । जस अनुसार कार्यक्रम लागु हुनुभन्दा अगाडि १-५ कक्षा सम्मको कक्षा छाड्ने औषत प्रतिशत २५.५ छ र कार्यक्रम लागु भइसकेपछि १-५ कक्षा सम्मकै कक्षा छाड्ने औषत प्रतिशत ९ देखिएको छ । जस अन्तर्गत १६.५ प्रतिशत विद्यार्थीहरुले कक्षा छाड्न छोडेका छन् । त्यसैले यस तालिका अनुसार कार्यक्रम सकारात्मक असर कक्षा छाड्नेमा देखिएकाले सिकाइमा पनि सकारात्मक प्रभाव पर्न गएको छ ।

### ४.१.२.४ कक्षा दोहोऱ्याउने सम्वन्धको विश्लेषण

कार्यक्रम लागु हुनुपूर्व र कार्यक्रम लागु भइसकेपछिको वर्षमा विद्यार्थीहरुले कक्षा दोहोऱ्याउने गरेको तथ्याङ्कलाई निम्न बमोजिम तालिकामा देखाइएको छ ।

तालिका नं.४.११

कक्षा दोहोऱ्याउने विद्यार्थीहरु(प्रतिशतमा )

| कक्षाहरु | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | | कार्यक्रम लागुभइसकेपछिको वष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | ३४ | ४१ | ३८ | २१ | २६ | २३ |
| २ | ११ | १७ | १४ | ९ | ११ | १० |
| ३ | १२ | १५ | १४ | ८ | ९ | ८ |
| ४ | १३ | १२ | १३ | ४ | ९ | ६ |
| ५ | ९ | १८ | १३ | ४ | १० | ६ |
| कूल औस | १६ | २१ | १९ | ९ | १३ | ११ |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

माथिको तालिकामा कार्यक्रम लागु पूर्वको वर्ष र कार्यक्रम लागु भइसके पछिको वर्षमा प्रत्येक कक्षामा केटा र केटी दुवैको कक्षा दोहोऱ्याउने प्रतिशतलाई देखाइएको छ । जस अनुसार कार्यक्रम लागु हुनुभन्दा अगाडिको वर्षमा कक्षा १-५ सम्मका कक्षा दोहोऱ्याउने विद्यार्थीहरु जम्म १९% छन् भने कार्यक्रम लागु भइसके पछि कक्षा दोहोऱ्याउने विद्यार्थीहरु जम्मा ११% मात्र छन् । यसरी कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको प्रतिशत हेर्दा कार्यक्रम लागु हुनुपूर्वको तुलनामा कार्यक्रम लागु

भइसकेपछिको वर्षमा कमि आएको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने दिवा खाजा कार्यक्रमले गर्दा सिकाइ उपलब्धिमा वृद्धि भइ कक्षा दोहोऱ्याउने विद्यार्थी संख्यामा कमि आएको देखिन्छ ।

### ४.१.२.५ विद्यार्थीहरुको शैक्षिक उपलब्धिको विश्लेषण

कार्यक्रम लागुहुनुभन्दा अगाडि र कार्यक्रम लागुहुनुभन्दा पछाडिका वर्षको विद्यार्थीहरुको शैक्षिक उपलब्धिलाई विद्यार्थीहरुले परीक्षामा सामेल भएर उतीर्ण गरेको र अनुतीर्ण भएका विद्यार्थीहरुको औसत निकाली विश्लेषण गरिएको छ ।

तालिका नं. ४.१२

पास फेल हुने विद्यार्थीहरु(प्रतिशत)

| कक्षा | कार्यक्रम लागु हुनु भन्दा अगाडिको | | कार्यक्रम लागु भइ सकेपछिको | |
|---|---|---|---|---|
| | सफल | असफल | सफल | असफल |
| १ | ३९.३ | ६०.७ | ५१.९ | ४८.१ |
| २ | ५६.३ | ४३.७ | ६१.९ | ३८.१ |
| ३ | ६२.५ | ३७.५ | ६५ | ३५ |
| ४ | ६९.२ | ३०.८ | ८२.५ | १७.५ |
| ५ | ८१.४ | १८.६ | ७२.४ | २७.५ |
| **कुल औषत** | ६१.७४ | ३८.२६ | ६६.७४ | ३३.२६ |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

माथिको तालिकामा कार्यक्रम लागु हुनुभन्दा अगाडिको वर्ष र कार्यक्रम लागु भएपछिको वर्षमा प्रत्येक कक्षामा पास तथा फेल हुने विद्यार्थीहरुको प्रतिशत देखाइएको छ । यसै गरी कक्षा १-५ सम्म प्रत्येक वर्ष पास तथा फेल हुने विद्यार्थीको कुल प्रतिशत दिइएको छ । जसअनुसार कार्यक्रम लागु हुनुभन्दा अगाडिमा पास हुने कक्षा १-५ सम्मको कुल प्रतिशत ६१.७४ छ भने फेल हुने ३८.२६ रहेको छ । यसै गरी कार्यक्रम लागु पश्चात पास हुने कुल विद्यार्थी प्रतिशत ६६.७४ छ भने फेल हुने कुल प्रतिशत ३३.२६ रहेको छ । यसरी पास हुने विद्यार्थीहरुको कुल प्रतिशत हेर्दा कार्यक्रम लागु पश्चात वृद्धि भएको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने कार्यक्रमले सिकाइमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

### ४.१.२.६ परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको औसत अङ्क र प्रतिशतको विश्लेषण

कार्यक्रम लागु हुनुभन्दा पूर्वको वर्ष र कार्यक्रम लागु भइसकेपछिको वर्षमा विद्यार्थीहरुले परीक्षामा प्राप्त गरेको औसत अङ्क र प्रतिशतलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं.४.१३

परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको औसत अङ्क र प्रतिशत

| कक्षा | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | कार्यक्रम लागुभइ सकेपछिको वर्ष | |
|---|---|---|---|---|
| | औसत अङ्क | प्रतिशत | औसत अङ्क | प्रतिशत |
| १ | २१० | ३५ | २२० | ३७ |
| २ | २१५ | ३६ | २३० | ३८ |
| ३ | २७० | ४५ | २९० | ४८ |
| ४ | ३०५ | ५१ | ३२० | ५३ |
| ५ | ३२० | ५३ | ३६० | . ६० |
| कूल औसत | २६४ | ४४ | २८४ | ४७.२ |

कक्षा १-५ पूर्णाङ्क ६००

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

माथिको तालिकामा कार्यक्रम लागु हुनुभन्दा अगाडि र कार्यक्रम लागु भए पश्चातका वर्षहरुमा प्रत्येक कक्षाका विद्यार्थीहरुले प्राप्त गरेको औषत अङ्क र प्रतिशत देखाइएको छ । त्यसै गरी प्रत्येक वर्षको कक्षा १-५ सम्मको कुल औसत अङ्क र प्रतिशत देखाइएको छ । जस अनुसार कार्यक्रम लागु हुनुभन्दा अगाडि कक्षा १-५ सम्मका विद्यार्थीहरुले प्राप्त गरेको कुल औसत अङ्क २३४ र प्रतिशत ४४ छ भने कार्यक्रम लागु पश्चात कुल औसत अङ्क २८४ र प्रतिशत ४७.२ देखिएको छ । यसरी कार्यक्रम लागु हुनुभन्दा अगाडि कार्यक्रम लागु पछिका वर्षमा विद्यार्थीहरुले प्राप्त गरेको औसत अङ्क र प्रतिशत तुलना गर्दा कार्यक्रमले प्रभाव पारी सिकाइमा सकारात्मक प्रभाव छोड्न सकेको देखिन्छ ।

आधारभूत विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले विद्यार्थीहरुको भर्ना संख्या वृद्धि गर्न, उपस्थिति वृद्धि गर्न, कक्षा छाड्ने प्रथा कम गर्न, कक्षा दोहोऱ्याउने कम गर्न, विद्यार्थीहरुको शैक्षिक उपलब्धी बढाउन र औसत प्राप्ताङ्क वृद्धि गर्न कार्यक्रमले केही हदसम्म सफल भइ सिकाइमा सकारात्मक प्रभाव पार्न सकेतापनि तथ्याङ्कशास्त्रीय विश्लेषणबाट हेर्दा तथ्याङ्कशास्त्रीय महतव राख्दैन ।

किनभने तथ्याङ्कशास्त्रीय विश्लेषणमा विद्यार्थी भर्ना, कक्षा दोहोऱ्याउने, पास वृद्धि, कुल औसत प्राप्ताङ्क प्रतिशतमा कुनै पनि तथ्याङ्कशास्त्रीय महत्व राखेको पाइदैन । तसर्थ भर्ना, कक्षा दोहोऱ्याउने, पास हुने, कूल औसत प्राप्ताङ्क प्रतिशतमा सामान्य सकारात्मक प्रभाव पार्न र कक्षा छाड्ने, विद्यार्थी उपस्थिति बढाइ कार्यक्रमले सिकाइमा महत्वपूर्ण प्रभाव पार्न सफल भएको छ ।

### ४.१.२.७ कुल औषतसँग प्रत्येक विद्यालयहरुको औषतको तुलनाको विश्लेषण

विभिन्न विषयहरु विद्यार्थी भर्ना, उपस्थिति प्रतिशत, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, परीक्षामा पास भएका विद्यार्थीहरु र परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको औषत प्राप्ताङ्क प्रतिशतमा कार्यक्रम लागु भइसकेपछिका वर्षको कुल ६ ओटै विद्यालयहरुको औसत देखि प्रत्येक विद्यालयको औषत कति माथि वा तल छ भन्ने कुरा निम्न अनुसारको तालिकामा दिइएको छ ।

तालिका नं.४.१४

कार्यक्रम लागु भइसकेपछि प्रत्येक विद्यालयको औषत र कुल औषतका तुलना

| क्र. सं. | विषयहरु | प्रत्येक विद्यालयको औषतबाट | | | | | | कुल विद्यालयको औषत विद्यालयको |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | विद्यार्थी भर्ना | + १ | - ६ | + ३ | + १९ | - ११ | - ९ | १५४ |
| २ | उपस्थिति प्रतिशत | - १ | + ७ | - १ | - ६ | - २ | + १ | ७५ |
| ३ | कक्षा छाड्ने | - २ | + २ | - १ | + १ | - | - | १२ |
| ४ | कक्षा दोहोऱ्याउने | - १ | - २ | + १ | - १ | - २ | + १ | २२ |
| ५ | पास हुने | + १ | + २ | - १ | - ६ | - | + २ | ८८ |
| ६ | औषत प्राप्ताङ्क प्रतिशत | +०.७९ | -०.८७ | +०.७६ | +०.९३ | + ०.९९ | - ०.९७ | ४७ |

श्रोत : विद्यालय सर्वेक्षण । सर्वेक्षण गरिएका विद्यालय संख्या = ६

माथि तालिकामा विभिन्न ६ वटा विषयहरुमा १ देखि ६ वटा विद्यालयहरु (क्रमशः १ देखि ६ वटा नम्वरसम्मको विद्यालयहरुको नाम परिशिष्ट .........मा दिइएको छ) को प्रत्येक कक्षाका विद्यार्थीहरुको औषत कुल ६ वटा विद्यालयहरुको प्रत्येक कक्षाका विद्यार्थीहरुको औषतभन्दा कति तल वा कति माथि छ भनि देखाइएको छ । घनात्मक ( + ) चिन्ह भएको संख्याले कुल औषतदेखि उक्त विद्यालयको औषत कति माथि छ भनि देखाउँछ भने ऋणात्मक ( - ) चिन्ह भएको संख्याले

कुल औषतदेखि उक्त विद्यालयको औषत कति तल छ भनि देखाएको छ । जसलाई बुँदागत रुपमा निम्न बमोजिम विश्लेषण गरिएको छ ।

**१) विद्यार्थी भर्ना :**

माथिको तालिकामा कुल ६ वटै विद्यालयहरुको कार्यक्रम लागु भइसकेपछिका वर्षहरुमा प्रत्येक विद्यालयहरुमा भर्नाहुने विद्यार्थी संख्या १५४ रहेको छ भने सो भन्दा बढी विद्यार्थीहरु भर्नाहुने विद्यालयहरु १, ३ र ४ नम्बर हुन् । जसमा क्रमशः १ जना, ३ जना र १९ जना बढी विद्यार्थीहरु भर्नाहुने गरेको देखिन्छ भने बाँकी विद्यालयहरु २, ५ र ६ नम्बरमा क्रमशः ६ जना, ११ जना र ९ जना कम विद्यार्थीहरु भर्नाहुने गरेको देखिन्छ । यसरी हेर्दा दिवा खाजा कार्यक्रमले विद्यालयहरु १, ३ र ४ मा सिकाइमा बढी प्रभाव पारी भर्ना वृद्धि गरेको देन्छि ।

**२) उपस्थिति प्रतिशत :**

माथिको तालिकामा कुल ६ वटै विद्यालयको प्रत्येक कक्षाको उपस्थिति हुने विद्यार्थीहरुको औषत उपस्थिति प्रतिशत ७५ रहेको छ भने सो भन्दा बढी विद्यार्थीहरु उपस्थित हुने २ र ६ नं.का विद्यालयहरुमा कुल औषतभन्दा क्रमशः ७ र १ प्रतिशत बढी विद्यार्थीहरु उपस्थित भएका छन् । यसैगरि १, ३, ४ र ५ नं.का विद्यालयहरुमा कुल औषतभन्दा १, १, ६ र २ प्रतिशत विद्यार्थी कम उपस्थित हुने देखिन्छ । त्यसैले औषत उपस्थितिमा खाजा कार्यक्रमले २ र ६ नं.का विद्यालयहरुलाई बढी प्रभाव पारेको देखिन्छ ।

**३) कक्षा छाड्ने :**

माथिको तालिकामा कुल ६ वटै विद्यालयको प्रत्येक कक्षामा कक्षा छाड्ने विद्यार्थीहरुको औषत संख्या १२ रहेको छ भने सो भन्दा बढी विद्यार्थीहरुले कक्षा छाड्ने २ र ४ नं.को विद्यालय रहेको छ । त्यसैगरि कम कक्षा छाड्ने विद्यालयहरु १ र ३ नं.का छन् । ५ र ६ नं.का विद्यालयहरु कुल विद्यालयको औषतको हाराहारीमा रहेका छन् ।

**४) कक्षा दोहोऱ्याउने :**

माथिको तालिकामा प्रत्येक कक्षामा कक्षा दोहोऱ्याउने कुल औषत संख्या २२ रहेको छ भने सोभन्दा बढी कक्षा दोहोऱ्याउने औषत रहेका विद्यालयहरु क्रमशः ३ र ६ नं.का रहेका छन् । जसमा कुल औषतभन्दा क्रमशः १ र १ बढी औषत विद्यार्थीले कक्षा दोहोऱ्याउने गरेको देखिन्छ ।

त्यस्तै कुल औषतभन्दा कम कक्षा दोहोऱ्याउने १, २, ४ र ५ नं.का विद्यालयहरुमा क्रमशः १, २, १ र २ कम विद्यार्थीहरुले कक्षा दोहोऱ्याउने गरेका छन् ।

**५) पास भएका विद्यार्थीहरु :**

माथिको तालिकामा प्रत्येक कक्षामा पास भएका विद्यार्थीहरुको ६ वटै विद्यालयहरुको कुल औषत ८८ रहेको छ भने सो भन्दा बढी औषत विद्यार्थीहरु पास गर्ने १, २ र ६ नं.का विद्यालयहरुमा क्रमशः १, २ र २ जना बढी विद्यार्थीहरु पास भएका देखिन्छन् । त्यस्तै कुल औषतभन्दा कम औषत विद्यार्थीहरु पास भएका ३ र ४ नं.का विद्यालयहरुमा क्रमशः १ र ६ जना कम विद्यार्थीहरु पास भएका देखिन्छन् भने ५ नं.को विद्यालयमा कुल विद्यालयको औषत बराबर नै पास भएको देखिएको छ ।

**६) परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको औषत प्राप्ताङ्क प्रतिशत :**

माथिको तालिकामा परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको कुल औषत अङ्क ४७ प्रतिशत छ भने सो भन्दा बढी औषत प्राप्ताङ्क प्रतिशत प्राप्त गर्ने १, ३, ४ र ५ नं.का विद्यालयहरुमा ०.७९, ०.७६, ०.९३ र ०.९९ क्रमशः औषत अङ्क प्रतिशत बढी देखिन्छ । त्यस्तै कुल औषत अङ्क प्रतिशत भन्दा कम औषत अङ्क प्रतिशत प्राप्त गर्ने २ र ६ नं.का विद्यालयहरुमा क्रमशः ०.८७ र ०.९७ प्रतिशत कम अङ्क प्राप्त गरेको देखिन्छ । ४.१.३ प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थीबाट सिकाइ उपलब्धि र कार्यक्रमप्रतिको धारणाको विश्लेषण यस अध्ययनको क्रममा आधारभूत सूचना सङ्कलनका लागि नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा विद्यार्थीहरुलाई वास्तविक सूचना सङ्कलनका लागि अन्तरवार्ता प्रश्नावलीहरु निर्माण गरिएको थियो । उक्त सूचना दाताहरुबाट अन्तरवार्ता प्रश्नावलीमा भरिएको वा उत्तर दिइएका कुराहरलाई क्रमशः तल विश्लेषण गरिएको छ ।

**४.१.३.१ प्रधानाध्यापकबाट प्राप्त सूचनाको विश्लेषण :**

छनौटमा परेका सबै विद्यालयका प्रधानाध्यापक समक्ष गइ शोधकर्ताले आफै दिवा खाजा कार्यक्रमको बारेमा सूचना सङ्कलन गरेको थियो । जस अनुसार सबै विद्यालयका प्रधानाध्यापकको समान धारणाहरु आएको थियो । उनीहरुका अनुसार हाम्रो जस्तो गरिव मूलुकमा धेरै किसानहरु भूमिहिन छन् । तिनीहरुका लागि खानको अभाव रहन्छ । खानकै लागि अभिभावकहरुले आफ्ना नानीहरुलाई समेत काममा पठाउने गरेकाले विद्यालयमा ती नानीहरुको उपस्थिति न्यून रहेको

थियो । तर शिक्षा विभाग आधारभूत विद्यालयका बालबालिकाहरुका लागि दिवा खाजा कार्यक्रम सञ्चालन गरेपश्चात उनीहरुको उपस्थितिमा केही वृद्धि भएको छ । कक्षा छाड्ने प्रवृत्तिमा पनि कमि आएको छ । विद्यार्थीहरुको वार्षिक परीक्षाको प्राप्ताङ्कमा समेत सुधार आएको छ । यो कार्यक्रमले नानीहरुमा केही हौसला प्रदान गरेको छ भन्ने भनाइ प्र.अ.हरुको छ । यसबाट पनि के पुष्टि हुन्छ भने दिवा खाजा कार्यक्रमले सिकाइमा सकारात्मक प्रभाव पारेको छ भन्ने बुझिन्छ । तर पनि प्र.अ.हरुले यसलाई सुधार गर्नुपर्ने सुझाव राखेका छन् । उहाँहरुको भनाइ अनुसार अहिलेको समयमा रु.१२ ले नानीहरुलाई खाजाका रुपमा खान पुग्दैन ।

### ४.१.३.२ शिक्षकहरुबाट प्राप्त सूचनाको विश्लेषण

सूचना सङ्कलनका लागि छनौटमा परेका विद्यालयका कक्षा ५ मा अध्यापन गराउने वर्ग शिक्षकलाई छनौट गरिएको थियो । उहाँहरुलाई पनि सूचना सङ्कलन गर्न अन्तर्वार्ता प्रश्नावली निर्माण गरी सोधिएको थियो । वर्ग शिक्षक बताउनुहुन्छकी जब देखि यस विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरियो तब देखि विद्यार्थीहरुमा हौसला आएको देखिन्छ । विद्यालयमा नियमित आउने, ध्यानपूर्वक पढाएको सुन्ने, टिफीन पछाडिको घण्टीमा पनि बस्ने, समयमा नै विद्यालय आउने जस्ता गुणहरु विद्यार्थीमा रहेको, परीक्षामा समेत कम फेल हुने गरेको कुरा शिक्षकहरु बताउनुहुन्छ । तर यसलाई सुधार गर्नुपर्ने कुराको सुझाव पनि शिक्षकले बताउनु भयो । यसबाट पनि के प्रष्ट हुन्छ भने विद्यालयमा विद्यार्थी नियमपूर्वक आएर शिक्षा ग्रहण गर्छन भने पक्कै पनि यस कार्यक्रमले सिकाइमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

### ४.१.३.३ अभिभावकहरुबाट प्राप्त सूचनाको विश्लेषण :

अध्ययन अनुसन्धान गरी दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभावबारे सही तथ्याङ्क सङ्कलन गर्न छनौटमा परेका विद्यालयका कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुका अभिभावकहरु मध्ये संयोग नमूना छनौटमा आधारित भइ प्रत्येक विद्यालयका २/२ जना अभभिावकहरुलाई अन्तर्वार्ता प्रश्नावली भराइएको थियो । जसबाट उनीहरुले हामी गरिब छौं । घरमा खानका लागि केही छैन । दिनहूँ बनीबुतो गर्नु अर्काकोमा जानु पर्छ । कहिलेकाही नानीहरुले पनि सघाउँथे तर अहिले विद्यालयले खाजाका लागि रु.१२ दिन थाले पछि नानीहरु विद्यालय जान छाडदैनन् । हाम्रो हाजिरी हरायो भने पैसा पाइदैन भन्ने जस्ता कुराहरु अभिभावक भन्छन् । अहिले त नानीहरु विद्यालयबाट घर आउने वितिक्कै किताब कापी लिएर बस्छन् । काममा भन्दा उनीहरुको ध्यान पढाइतिरै छ । बिहान हुनासाथ उनीहरु विद्यालय जानका

लागि किताव, कापि सबै आफै तयार पार्छन भन्ने कुरामा अभिभावकहरुको साझा बिचार आयो । पहिले त विद्यालयमा नानीहरुलाई पठाउन पनि गाऱ्हो हुन्थ्यो । एक त नानीहरु नै जान मान्दैनन् थिए भने अर्को तर्फ घरमा बसे घरको हेरचाह गर्ने र आफू काममा जान पाइन्नथ्यो । तर अहिले विद्यालयले दिवा खाजाका लागि पैसा दिन थालेपछि नानीहरु पढाउन हामीहरुलाई पनि राहत मिलेको छ भन्छन् । अन्तर्वार्ताकै क्रममा उनीहरु भन्छन् विद्यालयले उक्त रकम ३/४ महिनामा दिने गरेको छ । त्यो रकमबाट केही घरको खर्च पनि चलाउँछौं र केही नानीलाई खाजाको व्यवस्था गरिदिन्छौं । खाजा खानका लागि पैसा दिनथालेपछि नानीहरु टिफिनमा पनि घर आउन छाडेका छन् । विद्यालयले लिएको परीक्षामा पनि पास हुन थालेका छन् भन्ने कुरा समेत अभिभावकहरुबाट सूचना पाइयो । उनीहरुले सुझाव पनि दिएका छन् त्यो के हो भने अहिलेको समयमा रु.१२ मा केही पनि आउँदैन । तसर्थ यो रकम प्रत्येक महिनामा दिने गरी केही बढाउनु पऱ्यो । यसरी अभिभावकहरुले केही सुझाव सहित प्रस्तुत गरेको कुराहरुका आधारमा विद्यालयमा सञ्चालन गरिएको दिवा खाजा कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा केही सकारात्मक प्रभाव छाड्न सफल भएको छ ।

### ४.१.३.४ विद्यार्थीहरुको FGD बाट प्राप्त सूचनाको विश्लेषण

दिवा खाजा कार्यक्रमले विद्यार्थीको सिकाइमा पारेको प्रभावको अध्ययन गर्नका लागि सबै विद्यार्थीहरुलाई छनौट गर्न सम्भव नभएकाले छनौटमा परेका प्रत्येक विद्यालयका कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुबाट ५/५ जना विद्यार्थीहरु संयोग नमूना छनौटका आधारमा छनौट गरिएको थियो । ती विद्यार्थीहरु मध्ये कसैले विद्यालयमा खाजा दिन थालेपछि विद्यालय आउन मन लागेको बत एभने कसैले विद्यालयमा खाजा खान पाएपछि विद्यालयमा बस्न र खेल्न मन लाग्छ भने । विद्यालयले खाजा दिनु अगाडि विद्यालय आउनै मन नलाग्ने र खाजा खान पाइने भएले विद्यालय आएको भन्ने कुरा पनि अर्का थरि विद्यार्थीहरु बताउँदछन् । घरबाट पैसा लिएर आयो अनि आफूलाई मन लागेको खानेकुरा किनेर खान पाइने कुरा उनीहरुले दिएको अन्तर्वार्ताबाट प्रष्ट हुन्छ । अन्तर्वार्ताकै क्रममा विद्यार्थीहरु भन्छन् खाजा खान पाएपछि पढ्न पनि मन लाग्छ । कक्षा कोठामा अल्छि लाग्दैन । गुरुहरुले पढाएको कुरा सुन्न मन लाग्छ । गुरुले गृहकार्य गरेर ल्याउनु नत्र खाजाको पैसा पाउँदैन भनेपछि गृहकार्य गरेर ल्याउँछौं । हिजो आज त पढ्न पनि सजिलो हुन्छ । नआएको कुरा सरहरुले सिकाइ दिनुहुन्छ । अहिले त म फेल भएको छैन । कहिलेकाहिं विद्यालय आउन पाइएन भने सरहरुले तेरो पैसा कटाइदिन्छौं भन्दा डर लाग्छ । हामी धेरै साथीहरु मिलेर खाजा खान्छौं र सँगै कक्षा कोठामा मिलेर बस्छौं । सरहरुले पनि माया

गर्नुहुन्छ । बुझाएर पढाउनु हुन्छ । यसरी विद्यार्थीहरुको FGD गराइ सूचना सङ्कलन गर्दा पनि विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले विद्यार्थीहरुको सबै क्षेत्रहरु भर्ना, उपस्थिति, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, पास हुने, बढी अङ्क ल्याउने आदिमा सुधार गरेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने यस कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पारेको छ ।

### ४.१.३.५ अवलोकन नमूना फारमबाट प्राप्त सूचनाको विश्लेषण

अवलोकन फारम एक प्रकारको विद्यार्थीहरुको व्यवहार निर्देशित फारम हो । यस अन्तर्गत दिवा खाजा कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा कस्तो प्रभाव पार्न सक्यो भन्ने कुराको सही सूचना सङ्कलनका लागि अनुसन्धानकर्ताले स्वयम् छनौटमा परेका विद्यालयका विद्यार्थीहरुको व्यवहार अवलोकन गरेको थियो । जसमा विद्यार्थीहरुको हाजिरी रेकर्ड र उपस्थिति हेर्दा ९५ प्रतिशत विद्यार्थी उपस्थित रहेको देखियो । विद्यार्थीहरु सफा सुग्घर भएर विद्यालय आएका थिए । सबै विद्यार्थी आफ्नो गृहकार्य शिक्षकलाई देखाउन लामवद्ध भएर उभिएको पनि देखियो । शिक्षकले सोधेको प्रश्नको जवाफ पनि दिएका थिए । अनुशासित भएर कक्षा कोठामा बस्ने र शिक्षकसँग नडराइकन सवाल जवाफ गरेको पनि पाइयो । टिफिन पछाडिको समयमा पनि विद्यार्थीहरुको संख्यामा कुनै कमि देखिएन । तसर्थ यी सबै क्षेत्रमा देखिएको सुधारले के स्पष्ट पार्दछ भने विद्यालयमा लागु गरिएको दिवा खाजा कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

## ४.२. दिवा खाजा कार्यक्रम सञ्चालनले सिकाइ उपलब्धिमा देखाएको समस्याको पहिचान

नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभागद्वारा सञ्चालित दिवा खाजा कार्यक्रम सञ्चालनमा विभिन्न प्रकारका समस्याहरु देखिएको कुरा विभिन्न प्रतिक्रियादाताहरुबाट प्राप्त सूचनाको आधारमा विश्लेषण गरिएको छ । प्रधानाध्यापकबाट प्राप्त सूचना प्र.अ.को विचारलाई अध्ययन अनुसन्धान गर्दा वर्तमान समयमा प्रदान गरिदै आएको दिवा खाजा कार्यक्रमको लागि विद्यार्थीहरुलाई नगद उपलब्ध गराउनु पर्ने हुन्छ । यसरी नगद नै विद्यार्थीहरु तथा अभिभावकलाई दिँदा उक्त रकमको दुरुपयोग हुने गरेको पाइयो । अभिभावकहरुले प्राप्त गरेको नगद रकम जाँड रक्सी सेवन वा घरायसी कार्यमा खर्च गरी विद्यार्थीहरुको खाजका लागि खर्च नगरिएको देखियो । यसबाट विद्यार्थीहरुको सिकाईमा नकारात्मक प्रभाव परेको कुरा प्रधानाध्यापकहरु व्यक्त गर्दछन् । अर्को तर्फ शिक्षा कार्यालयले खाजा कार्यक्रमको रकम प्राप्त गर्न झन्झटिलो व्यवस्था गरिदिएको छ । चौमासिक निकासाका आधारमा उक्त रकम दिनाले अभिभावकहरुले एकैचोटि उक्त रकमका लागि खर्च गरि दिनाले पनि दिवा खाजा कार्यक्रमको सिकाइमा

सकारात्मक प्रभाव देखिएको पाइदैन भन्ने प्र.अ.हरुको समान धारणा पाइन्छ । शिक्षकबाट प्राप्त सूचना कुनै पनि कार्यक्रम लामो समयसम्म रहन सक्दैन । त्यसलाई जिवन्त तुल्याउन समय सापेक्ष बनाइरहनु पर्दछ । सुरुका दिनमा दिवा खाजा कार्यक्रम जति प्रभावकारी थियो हाल यसको प्रभावकारीतामा कमि आएको देखिन्छ । किनभने समय सापेक्ष खाजा कार्यक्रमको रकम वृद्धि गरिनु पर्दछ भन्ने कुरामा शिक्षकहरुको एकमत देखिन्छ । उनिहरुको धारणा अनुसार खाजा कार्यक्रममा दिइने रकम समय अनुसार पर्याप्त नभएको, उक्त रकम एकैचोटि अभिभावकहरुलाई दिइदा रकमको दुरुपयोग हुने गरेको छ । प्रत्येक दिन विद्यार्थीहरुको हातमा नगद दिइ भोलिको निम्ती खाजा प्रवन्ध गर्न र गराउन सके बढि प्रभावकारी हुने समेत उनिहरुले बताएका छन् । अभिभावकबाट प्राप्त सूचना अभिभावकहरुको प्राप्त बिचारलाई अध्ययन अनुसन्धान गर्दा वर्तमान समयमा प्रदान गरिदै आएको दिवा खाजा कार्यक्रमको समस्याहरुमा प्र.अ. र शिक्षकहरुकै धारणा अनुसारको देखिएको छ । उनिहरुको बिचारमा अहिलेको समयमा प्रदान गरिदै आएको खाजा कार्यक्रमको रकम कम भएको छ । अहिलेको महंगीको समयमा खाजका लागि प्रतिदिन रु.१२ ले खाजा नै तयारी हुँदैन । त्यसैगरी रकम प्रदान गर्दा पनि लामो समयको अन्तरालमा दिइने हुनाले गरिब अभिभवाकहरुलाई घरबाट पैसा निकाली नानीहरुको खाजामा खर्च गर्न गाऱ्हो परिरहेको अवस्था पनि देखिएको छ । पहिला त नानीहरु घरमा बस्दा बाबुआमालाई काममा सहयोग गर्थे भने अहिले नानीहरु विद्यालय जान थालेपछि काममा जान नपाइएको हुँदा आम्दानीको बाटो हराएको कुरा बताउँदछन् । त्यसैले बाबुआमाका लागि आय आर्जन गर्ने व्यवस्था मिलाउन आवश्यक देखिन्छ । विद्यार्थीहरुको FGD बाट प्राप्त सूचना वर्तमान समयमा प्रदान गरिदै आएको दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन देखिएका समस्याहरु औंल्याउने क्रममा प्र.अ., शिक्षक तथा अभिभावकहरुले जस्तो समस्याहरु औंल्याएका थिए त्यस्तै समस्याहरु विद्यार्थीहरुले पनि व्यक्त गरेका छन् । विद्यालयमा खाजाको रकम प्रदान गर्न थालेपछि नियमित रुपमा विद्यालयमा आउन थालेका छन् तर उक्त खाजाका लागि दिइएको रकम कम भएको कुरा बताउँदछन् । विद्यालयबाट खाजको रकम अभिभावकहरुले लगेमा त्यो पैसाको खाजा खान नपाउने कुरा बताउँदछन् । खाजाका लागि नगद दिनुभन्दा विद्यालयलेनै खाजाको प्रवन्ध गरि दिएमा राम्रो हुनेकुरा व्यक्त गर्दछन् । अवलोकन नमूना फारमबाट प्राप्त सूचना अवलोकन फारम एक प्रकारको विद्यार्थीहरुको व्यवहार निर्देशित फारम हो । यस अन्तर्गत दिवा खाजा कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा कस्तो प्रभाव पार्न सक्यो भन्ने कुराको सही सूचना सङ्कलनका लागि अनुसन्धानकर्ताले स्वयम् छनौटमा परेका विद्यालयका विद्यार्थीहरुको

व्यवहार अवलोकन गरेको थियो । जसमा विद्यार्थीहरुको हाजिरी रेकर्ड र उपस्थिति हेर्दा ९५ प्रतिशत विद्यार्थी उपस्थित रहेको देखियो । विद्यार्थीहरु सफा सुग्घर भएर विद्यालय आएका थिए । सबै विद्यार्थी आफ्नो गृहकार्य शिक्षकलाई देखाउन लामवद्ध भएर उभिएको पनि देखियो । शिक्षकले सोधेको प्रश्नको जवाफ पनि दिएका थिए । अनुशासित भएर कक्षा कोठामा बस्ने र शिक्षकसँग नडराइकन सवाल जवाफ गरेको पनि पाइयो । टिफिन पछाडिको समयमा पनि विद्यार्थीहरुको संख्यामा कुनै कमि देखिएन । तसर्थ यी सबै क्षेत्रमा देखिएको सुधारले के स्पष्ट पार्दछ भने विद्यालयमा लागु गरिएको दिवा खाजा कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

# परिच्छेद - पाँच

## प्राप्ती, निष्कर्ष र सुझावहरु

प्रस्तुत 'विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव'को अनुसन्धानबाट निम्न प्राप्ति, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ :

## ५.१ प्राप्ती

### ५.१.१ विद्यालयमा प्रदान गरिएको दिवा खाजा कार्यक्रमले सिकाइमा पारेका प्रभाव

- कार्यक्रम लागु भए पश्चात विद्यार्थीहरुको भर्ना दरमा वृद्धि भएको छ ।

- कार्यक्रम लागु भए पश्चात विद्यार्थीहरुको उपस्थिति संख्यामा वृद्धि भएको छ ।

- कार्यक्रम लागु पश्चात विद्यार्थीहरुको कक्षा छाडने् दरमा कमि आएको छ ।

- कार्यक्रम लागु पश्चात कक्षा दोहोऱ्याउने दरमा कमि आएको छ ।

- कार्यक्रमले विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा वृद्धि गरेको छ ।

- कार्यक्रम लागु पश्चात विद्यार्थीहरुको औसत प्राप्ताङ्कमा वृद्धि भएको छ ।

- कक्षामा उपस्थित विद्यार्थीहरुको वृद्धि र कक्षा छाड्ने दरमा कमि ल्याउने देखि बाहेकका अरु भर्ना दर, कक्षा दोहोऱ्याउने, शैक्षिक उपलब्धि, औषत प्राप्ताङ्क प्रतिशतमा भने तथ्याङ्कशास्त्रिय महत्व देखिदैन ।

- सामान्यतया दिवा खाजा कार्यक्रमले सिकाइमा सकारात्क प्रभाव पारेको छ ।

### ५.१.२. दिवा खाजा कार्यक्रम सञ्चालनले सिकाइ उपलब्धिमा देखाएको समस्याहरु

- समयानुकुल खाजा कार्यक्रमको लागि दिइने रकम वृद्धि नगरिएको ।

- अनुगमन प्रणाली चुस्त र दुरुस्त नभएको ।

- सबै तह र विद्यालयमा लागु नगरिएको ।

- खाजा रकम अभिभावहरुलाई प्रदान गरिदा दुरुपयोग हुने हुनाले उचित व्यवस्थापन गरिनु पर्ने ।

- विद्यार्थीहरुमा थप हौसला प्रदान गर्ने तर्फ प्रोत्साहन कार्यक्रम सञ्चालन नभएको ।

- चौमासिक रुपमा खाजा रकम प्रदान गर्दा विद्यार्थीहरुलाई खाजाको प्रवन्ध गर्न गाऱ्हो परेको ।

- विद्यार्थीहरुले ल्याउने खाजामा पौष्टिक तत्वको अभाव रहेको ।

- यो कार्यक्रम सञ्चालन र व्यवस्थापनमा स्थानिय तहमा अन्तरक्रिया नभएको ।

## ५.२ निष्कर्ष

आधारभूत विद्यालयमा प्रदान गरिने दिवा खाजा कार्यक्रमको दीर्घकालिन उद्देश्य विद्यार्थीहरुको सिकाइको स्तरोन्नति गरी दक्ष, शिक्षित, अनुभवी मानवीय श्रोतको विकासमा सहयोग पुऱ्याउनु हो । यो उद्देश्य पूरा गराउन आधारभूत तहका विद्यार्थीहरुको सिकाइमा प्रभावकारी भूमिका खेल्ने कुराहरु विद्यार्थी भर्ना वृद्धि गराउने, कक्षा छाड्ने प्रवृत्तिलाई घटाउने, विद्यार्थीहरुलाई अध्ययन क्षमतामा वृद्धि ल्याउन छोटो समयको निम्ति भोकबाट राहत दिने अलपकालिन उद्देश्यहरु राखी यो कार्यक्रम खाद्यान्न न्यून तथा आदिवासी जनजाति दलित जातिहरुको वाहुल्यता रहेको क्षेत्रमा यो कार्यक्रम लागु गरिएको छ । जस अन्तर्गत ओखलढुंगा जिल्लाको कुन्तादेवी, बरुणेश्वर र हर्कपुर तीन वडा भित्र सञ्चालनमा रहेका ६ वटै विद्यालयलाई अध्ययनको लागि छनौट गरिएको थियो । दिवा खाजा कार्यक्रम लागु हुनुभन्दा अगाडिको वर्षभन्दा दिवा खाजा कार्यक्रम लागु भइसकेपछिको वर्ष विद्यार्थी भर्ना वृद्धि भएको छ । कार्यक्रम लागु हुनुभन्दा अगाडि विद्यार्थीको औषत भर्ना १३१ थियो भने कार्यक्रम लागु भएपछिको औषत भर्ना १५४ पुगेको छ । भर्ना वृद्धि हुनु भनेको सिकाइमा सकारात्मक प्रभाव पर्नु हो । यो कार्यक्रम लागु भएपछि विद्यार्थीहरुको औषत उपस्थितिमा पनि वृद्धि भएको छ । कार्यक्रम लागु हुनु भन्दा अगाडि औषत उपस्थिति ७१.३ प्रतिशत थियो भने कार्यक्रम लागु पश्चात ७५.४ प्रतिशत पुगेको छ । कार्यक्रम लागु पूर्व कक्षा छाड्ने दर औषत २५.५ प्रतिशत थियो भने कार्यक्रम लागु पश्चात यो दरमा कमि आई औषत ९ प्रतिशतमा झरेको छ । यहाँ विद्यार्थीहरुमा कक्षा छाड्ने प्रथामा कार्यक्रमले ल्याएको कमिले तथ्याङ्कशास्त्रीय (Statistically Significant) राखेको छ । विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने प्रथामा कमि ल्याउन यो कार्यक्रमले सकारात्मक भूमिका खेलेको छ । कार्यक्रम लागु पूर्व कक्षा दोहोऱ्याउने औषत विद्यार्थी १९ प्रतिशत थिए भने कार्यक्रम लागु पश्चात औषत ११ प्रतिशतमा झरेको छ । तर यसको तथ्याङ्कशास्त्रीय महत्व भने देखिदैन । यो कार्यक्रम लागु हुनुभन्दा अगाडिको वर्षभन्दा कार्यक्रम लागु भइसके पछिको वर्षमा विद्यर्थीहरुको उतीर्ण प्रतिशत वृद्धि भएको देखिन्छ । कार्यक्रम लागु पूर्व विद्यार्थीहरुको उतीर्ण प्रतिशत ६१.७४ थियो भने कार्यक्रम लागु पश्चात यो प्रतिशत बढेर ६६.७४ पुगेको छ । कार्यक्रम लागु हुनुभन्दा अगाडिका वर्षहरुमा विद्यार्थीहरुले परीक्षामा प्राप्त गरेको औषत अङ्क र प्रतिशतको तुलनामा कार्यक्रम लागु भइसकेपछिका वर्षका वर्षहरुमा विद्यार्थीहरुले परीक्षामा प्राप्त गर्ने गरेको औषत अङ्क तथा प्रतिशतमा ठूलो भिन्नता नभएमा पनि कार्यक्रम लागु पछिका वर्षको औषत अङ्क र प्रतिशमा केही वृद्धि भएको देखिन्छ । कार्यक्रम लागु हुनुभन्दा अगाडि

विद्यार्थीहरुको औषत प्राप्तङ्क र प्रतिशत २६४ र ४४ थियो भने कार्यक्रम लागु पश्चात औषत प्राप्ताङ्क र प्रतिशत २८४ र ४७.२ पुगेको छ । सामान्यतया कार्यक्रम लागुपूर्व भन्दा कार्यक्रम लागु भएपछि औषत प्राप्ताङ्क र प्रतिशतमा वृद्धि भएको देखिन्छ तर यो वृद्धि वा फरक महत्वपूर्ण फरक (Significance Difference) भने होइन । तर पनि यो फरकले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पारेको देखिन्छ । विद्यालय प्र.अ., शिक्षक, अभिभावक तथा विद्यार्थीहरु समेतले विद्यलयमा प्रदान गरिएको खाजा कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव छाड्न सकेको कुरा अभिव्यक्त गर्दछन् । विद्यालयको रेकर्ड अनुसार कार्यक्रम लागु पश्चात विद्यार्थीहरुको भर्ना वृद्धि, कक्षा छाड्ने दरमा कमि, कक्षा दोहोर्‍याउनेमा कमि, उपस्थितिमा वृद्धि, उतीर्ण प्रतिशतमा वृद्धि तथा प्राप्ताङ्कमा समेत वृद्धि भएको बताउँदछन् । विद्यार्थी स्वयं विद्यालय आएर पढ्न मन लाग्ने कुरा अभिव्यक्त गर्दछन् । यी कुराहरुबाट पनि के प्रष्ट हुन्छ भने यो कार्यक्रमले सिकाइमा सकारात्मक प्रभाव छाड्न सकेको छ ।

५.३ सुझावहरु

यस अध्ययनका आधारमा कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरु हटाइ कार्यक्रमलाई आउने दिनहरुमा प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

क) यो कार्यक्रम लागु गर्दा र सञ्चालनमा रहीरहेको अवस्थामा देखिएका समस्याहरुलाई समाधान गर्दै जिल्लाका सबै विद्यालयहरुमा यो कार्यक्रम लागु गरिनु पर्दछ ।

ख) यो कार्यक्रम लागु भएका विद्यालयहरुको क्रियाकलापहरुको प्रभावकारी ढंगले निरीक्षण गरिनु पर्दछ

ग) महंगी दिनप्रतिदिन बढ्दै गइरहेको अवस्थामा वर्तमान समयमा प्रतिदिन प्रति विद्यार्थी प्रदान गरिदै आएको रु.१२ लाई समयानुकूल परिवर्तन गरी विद्यार्थीहरुलाई खाजा खान पुग्ने रकम उपलब्ध गराउनु पर्दछ ।

घ) कार्यक्रम लागु भएका प्रत्येक विद्यालयका विद्यार्थीहरुको हाजिरी रेकर्ड समय समयमा निरीक्षण गरिनु पर्दछ ।

ङ) धेरै जसो अभिभावकहरु गरिब छन् । उनीहरुलाई बिहान बेलुकाको छाक टा धौधौ परेको अवस्थामा ४/४ महिनामा दिने खाजा रकमले अप्ठ्यारो अवस्था श्रृजना हुनसक्छ । तसर्थ खाजा वापतको रकम प्रत्येक महिनामा उपलब्ध गराइनु पर्दछ ।

च) विद्यार्थीहरुलाई दिउँसो खाजा खानका लागि दिइएको रकम विद्यार्थीका अभिभावकहरुले घरायसी काममा खर्च गरी रकमको दुरुपयोग गर्ने भएकाले उत्तम विकल्पको खोजी गरिनु पर्दछ ।

छ) विद्यार्थीहरुलाई थप हौसला प्रदान गरी सिकाइलाई प्रभावकारी बनाउन विद्यालय खुलेको सबैदिन उपस्थित हुने विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप थप रकमको व्यवस्था गरिनु पर्दछ ।

ज) विद्यालयले सञ्चालन गर्ने विभिन्न अतिरिक्त क्रियाकलापमा सर्वोत्कृष्ट हुने र शिक्षण सिकाइमा सक्रिय रहने विद्यार्थीलाई हौसला प्रदान गर्न थप व्यवस्था गरिनु पर्दछ ।

झ) जनसरोकारसँग प्रत्यक्ष सम्वन्ध राख्ने स्थानिय निकायहरु, वडा, गाउँ शिक्षा समिति, जि.वि.स.हरुलाई यो कार्यक्रमको निरीक्षणको जिम्मा दिइनु पर्दछ ।

ञ) सिकाइ कार्यक्रमलाई प्रभावकारी बनाइ भर्नादर वृद्धि गराउने, कक्षा छाड्ने दरलाई कटौती गराउने, उतीर्ण प्रतिशत वृद्धि गराउने, प्राप्ताङ्क प्रतिशत वृद्धि गराउने विद्यालयलाई पुरस्कृत गरिनु पर्दछ ।

ट) विद्यार्थीहरुलाई स्वस्थ्य बनाइ प्रभावकारी ढंगबाट सिकाइ प्रदान गर्न स्वस्थ र पौष्टिक युक्त खानेकुरा खान अभिप्रेरित गरिनु पर्दछ ।

## सन्दर्भग्रन्थ सूची

कट्टेल बालचन्द्र ; २०६५ पाठ्यक्रम अध्ययन, काठमाण्डौ, न्यू हिरा बुक्स इनटरप्राइजेज

कान्तिपुर दैनिक ; २०६८/९/१२ 'नेपालमा छुवाछुतको अवस्था' कान्तिपुर पत्रिका काठमाण्डौ, कान्तिपुर प्रकाशन

काफ्ले टोलनाथ, नेपाल खगेन्द्रप्रसाद, चौधरी नाथुराम, खड्का प्रकाशकुमार ; २०६५ मनोवैज्ञानिक परीक्षण, काठमाण्डौ, जुपिटर प्रकाशक र वितरक

काफ्ले बासुदेव, विष्ट मिनबहादुर, सिन्हा रामस्वरुप, श्रेष्ठ चन्द्रबहादुर २०६० ; शैक्षिक योजना, काठमाण्डौ, सनलाइट पब्लिकेशन

खनाल श्रीप्रसाद र तिम्सिना विनोदखण्ड ; २०६१ गुणात्मक मूल्याङ्कन अनुसन्धान ; काठमाण्डौ, क्षितिज प्रकाशन

खनाल पेशल ; २०६६ शैक्षिक अनुसन्धान पद्धति, कीर्तिपुर काठमाण्डौ, सनलाइट पब्लिकेशन

खनाल पेशल ; २०६५ ; कार्यक्रम मूल्याङ्कन : काठमाण्डौ जुपिटर प्रकाशक र वितरक

गुरागाईं कपिलप्रसाद, २०६७, सामुदायिक आधारभूत विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारिता, शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस

गोरखापत्र २०७०/०९/०३ 'सबैका लागि शिक्षा' काठमाण्डौं, गोरखापत्र संस्थान

देवका भट्टराई, २०६९/०७०, सोपान ,काठमाण्डौ ,पाठ्यक्रम विकास केन्द्र,

पाठ्यक्रम विकास केन्द्र, २०६२, निरन्तर विद्यार्थी मूल्याङ्कन परिचय पुस्तिका, भक्तपुर

बुढाथोकी, चित्रवहादुर र वाग्ले, विष्णुप्रसाद २०६८, विद्यालय स्वास्थ्य कार्यक्रमको व्यवस्थापन, काठमाडौः पिनाकल प्रकाशन प्रा.लि

शर्मा गोपीनाथ नेपाल ; २०५८ शिक्षा आयोगका प्रतिवेदनहरु ; काठमाण्डौ ; मकालु बुक्स एण्ड पब्लिकेशन

शर्मा एण्ड शर्मा २०६५ कक्षाकोठामा मनोविज्ञान, काठमाण्डौ, एम.के.प्रकाशक र वितरक

शर्मा चिरञ्जिवी, २०५८, शिक्षा मनोविज्ञान, काठमाण्डौं, एम.के.प्रकाशक र वितरक

शर्मा चिरञ्जिवी, शर्मा निर्मला, २०६५, कक्षाकोठामा मनोविज्ञान, एम.के.प्रकाशक र वितरक

सिंह नागेश्वर २०६६, निम्नमाध्यमिक शिक्षक दर्पण, काठमाण्डौ, पैरवी प्रकाशन

श्रेष्ठ चन्द्रबहादुर, तामाङ्ग रामलाल, बस्न्यात सम्झना,२०६७, शैक्षिक मनोविज्ञान, काठमाण्डौं, भूडिपुराण प्रकाशन

# अनुसूचि - १

तथ्याङ्क सङ्कलन

विद्यालयको नाम :

ठेगाना :

## विद्यार्थी भर्ना विवरण

| कक्षाहरु | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | | कार्यक्रम लागु भइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | ३० | २१ | ५१ | ३५ | २५ | ६० |
| २ | १८ | १२ | ३० | २१ | १४ | ३५ |
| ३ | १४ | १० | २४ | १५ | १२ | २७ |
| ४ | ८ | ७ | १५ | ११ | ८ | १९ |
| ५ | ८ | ३ | ११ | ८ | ५ | १३ |
| कूल औस | ७८ | ५३ | १३१ | ९० | ६४ | १५४ |

## विद्यार्थी उपस्थिती विवरण

| कक्षाहरु | कार्यक्रम लागुहुनुभन्दा अगाडिको | | | कार्यक्रम लागु भइ सकेपछिको वष कक्षाहरु | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | २० | ३० | ५० | १० | १५ | २५ |
| २ | १८ | २० | ३८ | ८ | ८ | १६ |
| ३ | १२ | १८ | ३० | ५ | ७ | १२ |
| ४ | १२ | १० | २२ | ४ | ६ | १० |
| ५ | ९ | ११ | २० | ४ | ५ | ९ |

# अनुसूचि - २

जिल्ला स्थित दिवा खाजा कार्यक्रम संयोजकलाई सोधिने नमूना प्रश्नावली

जिल्ला :..........................

नाम :............................

१. विद्यालयमा प्रदान गरिने दिवा खाजा कार्यक्रम भनेको के हो ?

..............................................................................

२. यस कार्यक्रमको प्रमुख उद्देश्य के हो ?

..............................................................................

३. नेपालमा यो कार्यक्रम कहिले देखि लागु भएको हो ?

..............................................................................

४. नेपाल सरकारको आफ्नै श्रोतबाट लागु गरिएको हो कि दातृनिकायबाट ?

..............................................................................

५. के यो कार्यक्रम सबै विद्यालयमा लागु गरिएको छ ?

..............................................................................

६. यो कार्यक्रम लागु गर्ने आधारहरु केके हुन् ?

..............................................................................

७. सुनसरी जिल्लामा यो कार्यक्रम कहिले देखि लागु भयो ?

..............................................................................

८. सुनसरी जिल्लामा कार्यक्रम लागु पश्चात के नतिजा देखिएको छ ?

..............................................................................

९. यो कार्यक्रमको मध्यावधि मूल्याङ्कन पनि गरिएको छ ?

..............................................................................

१०. उक्त मूल्याङ्कनले के नतिजा देखाएको छ ?

...........................................................................

११. यो कार्यक्रमको सञ्चालन प्रक्रिया कस्तो छ ?

...........................................................................

१२. प्रा.वि., नि.मा.वि. र मा.वि. तीनै तहमा यो कार्यक्रम लागु गरिएको छ ?

...........................................................................

१३. प्रति विद्यार्थी खाजाको लागि कति रकम दिइएको छ ?

...........................................................................

१४. यस रकमले विद्यार्थीलाई खाजा खान पुग्छ ?

...........................................................................

१५. हाल यो कार्यक्रम केन्द्रियस्तरमा कुन निकायबाट सञ्चालन गरिदैछ ?

...........................................................................

१६. यस कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा कस्तो प्रभाव पारेको छ ?

...........................................................................

१७. यो कार्यक्रम सञ्चालनका समस्याहरु पनि छन् ?

...........................................................................

१८. ती समस्याहरु समाधान गर्न केके गर्नुपर्ला ?

...........................................................................

# अनुसूचि - ३

विद्यालय प्रधानाध्यापकलाई सोधिने प्रश्नावलीको नमूना

वडाको नाम : ................................

विद्यालयको नाम : ................................

१. तपाईंको विद्यालयमा कहिलेदेखि दिवा खाजा कार्यक्रम लागु भएको हो ?

.................................................................................

२. विद्यार्थीहरुलाई खाजा विद्यालयमा बनाएर दिनुहुन्छ कि उनीहरुले घरबाट बनाएर ल्याउँदछन् ?

.................................................................................

३. खाजा नै दिइन्छ कि नगद दिइन्छ ?

क) खाजा ख) नगद ग) ..................

४. खाजा कार्यक्रम लागु हुनुभन्दा अगाडि र लागु हुनुभन्दा पछाडि के फरक पाउनु भएको छ ?

.................................................................................

५. खाजा कार्यक्रम लागु हुनुभन्दा अगाडि र लागु हुनुभन्दा पछाडि के फरक पाउनु भएको छ ?

.................................................................................

६. यस कार्यक्रमले सिकाइमा कस्तो प्रभाव पारेको छ ?

क) राम्रो ख) ठिकठिकै ग) खासै फरक छैन्

७. कार्यक्रमबाट विद्यार्थीहरुको भर्नादरको स्थिती कस्तो देखिएको छ ?

क) वृद्धि भएको ख) घटेको ग) उस्तै रहेको घ) .........

८. खाजा कार्यक्रम लागु भएपश्चात विद्यार्थीहरुको पढाइप्रतिको रुचि कस्तो पाउनु भएको छ ?

क) राम्रो ख) नराम्रो ग) धेरै राम्रो घ) खासै फरक नभएको

९. खाजा कार्यक्रमका लागि नगद उपलब्ध गराइन्छ भने त्यो नगद रकम कहाँबाट उपलब्ध हुन्छ ?

.................................................................................

१०. जि.शि.का.बाट खाजा कार्यक्रम स्वरुप नगद दिने प्रावधान कस्तो छ ?

.................................................................................

११. खाजा कार्यक्रमले विद्यार्थीहरुको व्यवहारमा परिवर्तन देख्नु हुन्छ ?

..........................................................................

१२. खाजा कार्यक्रम लागु भए पश्चात विद्यार्थीहरुको नियमितता, कक्षा छाड्नेदर, भर्नादर, कक्षा दोहोऱ्याउने दरमा कमि/बढी आएको देख्नुहुन्छ ?

..........................................................................

१३. यो कार्यक्रम सञ्चालनमा समस्याहरु पनि छन् ?

..........................................................................

१४. समस्याहरु छन् भने केके हुन् ?

क) .....................................

ख) .....................................

ग) .....................................

घ) .....................................

१५. यी समस्या समाधान गर्न केके गर्नुपर्ला ?

..........................................................................

## अनुसूचि - ४

शिक्षकहरुलाई अन्तवार्ताका क्रममा सोधिने प्रश्नावलीको नमूना

वडा : ..........................

विद्यालयको नाम : ................................

शिक्षकको नाम : .............................

१. तपाईको विद्यालयमा लागु भएको खाजा कार्यक्रमको बारेमा तपाईंलाई थाहा छ ?

क) थाहा छ ख) थाहा छैन ग) त्यति वास्ता गरिदैन

२. छ भने के दिइन्छ ?

क) नगद ख) हलुवा ग) चियाविस्कुट घ) .........

३. नगद दिइन्छ भने कति दिइन्छ ?

क) रु. १० ख) रु. १२ ग) रु. १४ घ) .........

४. दिवा खाजाको सुविधा शिक्षकहरुले पनि पाउने व्यवस्था छ ?

क) छ ख) छैन ग) ....................

५. तपाईको विचारमा विद्यार्थीहरुलाई तयारी खाजा दिनु राम्रो कि नगद दिनु राम्रो ?

क) तयारी खाजा ख) नगद ग) ...................

६. दिवा खाजा कार्यक्रमका कारणले विद्यार्थी भर्नामा वृद्धि भएको छ ?

क) भएको छ ख) भएको छैन ग) सामान्य वृद्धि भएको छ

७. खाजा कार्यक्रमका कारणले विद्यार्थीहरुको नियमितता‍मा कस्तो प्रभाव परेको छ ?

क) नियमित ख) अनियमित ग) खासै सुधार नभएको

८. यो कार्यक्रमबाट विद्यार्थीहरुको सिकाइ प्रकृयामा कस्तो प्रभाव पारेको छ ?

................................................................................

९. यो कार्यक्रम लागु भएपश्चात विद्यार्थीहरुको उतीर्ण प्रतिशत कस्तो छ ?

क) वृद्धि भएको ख) वृद्धि नभएको ग) खासै फरक छैन

१०. यो कार्यक्रम लागु भएपश्चात विद्यार्थीहरुले आधा समयमा नै कक्षा छाड्ने गरेका छन् कि छैनन्

क) छन् ख) छैनन् ग) कहिलेकाहिं मात्र छाड्छन्

११. खाजा कार्यक्रम कसरी सञ्चालन गर्दा विद्यार्थीहरुको सिकाइमा वृद्धि हुन्छ ?

.................................................................................

१२. विद्यार्थीहरुलाई खाजा अन्तर्गत नगद र तयारी खाजा मध्ये कुन दिँदा शैक्षिक उपलब्धिमा प्रभावकारिता आउँदछ ?

क) नगद ख) तयारी खाजा ग) ..................

१३. खाजा कार्यक्रमले सिकाइ उपलब्धिमा समस्या देखाएको छ ?

क) छ ख) सामान्य देखाएको छ ग) छैन

१४. समस्याहरु छन भने केके होलान् ?

क) ......................

ख) ......................

ग) ......................

घ) ......................

१५. ती समस्याहरु समाधान गर्ने उपाय के होला ?

.................................................................................

## अनुसूचि - ५

अभिभावकहरुलाई सोधिने प्रश्नावलीको नमूना

वडा : ....................................

अभिभावकको नाम : ................................

१. तपाईंको नानी कुन विद्यालयमा पढ्छ ?

..........................................................................

२. कति कक्षामा पढ्छ ?

..........................................................................

३. तपाईंको नानी पढ्ने विद्यालयमा खाजा कार्यक्रम लागु भएको छ कि छैन् ?

क) छ ख) छैन ग) थाहा छैन

४. लागु भएको छ भने खाजामा के दिइन्छ ?

क) नगद ख) हलुवा ग) चियाविस्कुट घ) ....

५. नगद दिइन्छ भने कति दिइन्छ ?

..........................................................................

६. पैसा (नगद) लिन तपाईं जानुहुन्छ कि नानीले आफै ल्याउँछ ?

क) म जान्छु ख) नानीले ल्याउँछ ग) ..................

७. खाजा खाने पैसा विद्यालयले दिन्छ भन्ने कुरा तपाईको नानीलाई थाहा छ ?

क) थाहा छ ख) थाहा छैन ग) खै कोनि

८. खाजाको पैसा आउँछ भन्ने थाहा भएपछि तपाईंको नानी विद्यालय जान कतिको इच्छा गर्छ ?

क) गर्छ ख) गर्दैन ग) कहिलेकाहिं गर्दैन घ) ....

९. खाजाको रकम नानीलाई दिनुहुन्छ ?

क) दिन्छु ख) दिदिन ग) अलिकति दिन्छु घ) ....

१०. दिउँसो खाजा खान पाएपछि तपाईंको नानी आधा समयमा नै घर आउँछ ?

क) आउँछ ख) आउँदैन ग) कहिलेकाहिं आउँछ घ) ....

११. विद्यालयले खाजाको लागि पैसा दिन थालेपछि नानी घरमा पढ्छ ?

क) पढ्छ ख) पढ्दैन ग) ...........................

१२. विद्यालयमा खाजा खान थालेपछि तपाईंको नानी फेल भएको छ ?

क) छ ख) छैन ग) ..........................

१३. नानीको खाजाको लागि कति रकम पाउनुहुन्छ ?

..........................................................................

१४. नानीको खाजाको लागि उक्त रकमले पुग्छ ?

क) पुग्छ ख) पुग्दैन

१५. खाजा कार्यक्रम पूर्व र खाजा कार्यक्रम लागु भएपछि तपाईंले आफ्नु बच्चामा के परिवर्तन भएको पाउनुभयो ?

क) नियमित विद्यालय जाने ख) खाजा खान घर नआउने

ग) विद्यालय जान कर लगाउनु नपर्ने घ) नियमित रुपमा घरमा अध्ययन गर्ने

१६. यो कार्यक्रमको समस्याहरु पनि देख्नुहुन्छ ?

..........................................................................

१७. समस्याहरु के के होलान् ?

क) ......................

ख) ......................

ग) ......................

घ) ......................

१८. यी समस्या समाधन गर्न के गर्नु पर्दछ ?

..........................................................................

# अनुसूचि - ६

वडा : ................

विद्यालयको नाम : ..........................

विद्यार्थीको नाम : .......................... कक्षा : ...........

१. तिमीलाई विद्यालयबाट खाजा खान पैसा दिइन्छ ?

क) दिइन्छ ख) दिइदैन

२. त्यो पैसा के गर्छौ ?

...............................................................................

३. विद्यालय नजाँदा पनि पैसा दिन्छन् ?

क) दिन्छन् ख) दिदैनन्

४. तिमी विद्यालय किन जान्छौ ?

क) पैसा पाउन ख) पढ्न

५. तिमीलाई विद्यालय जान बुबाआमाले कर गर्नुहुन्छ ?

क) गर्नुहुन्छ ख) म आफै जान्छु

६. दिउँसो खाजा खान घर जान्छौ कि विद्यालयमा नै खान्छौ ?

क) विद्यालयमा नै खान्छु ख) घर जान्छु

७. दिउँसो खाजा खाएपछि पढ्न मन लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

८. विद्यालयले खाजाका लागि पैसा दिन थालेपछि तिमीलाई विद्यालय छोड्न मन लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

९. सधैं विद्यालय आउँदा र नआउँदामा के फरक पाउँछौ ?

...............................................................................

१०. विद्यालयले खाजा खान पैसा दिनथालेपछि तिमी फेल भएका छौ ?

क) छु ख) छैन

११. खाजाका लागि पैसा दिनु राम्रो कि विद्यालयमा खाजा खान पाउनु राम्रो ?

क) पैसा ख) विद्यालयमा खाजा खान पाउनु

## अनुसूचि - ७

लक्षित समूह छलफलका लागि सोधिने विषयहरु

वडाको नाम : ..........................................

विद्यालयको नाम : ...........................................

१. खाजा कार्यक्रम सम्वन्धि

२. खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव सम्वन्धि

३. खाजा कार्यक्रमले अभिभावकहरुलाई गरेको सहयोग सम्वन्धि

४. खाजा कार्यक्रम सञ्चालन सम्वन्धि

५. खाजा कार्यक्रमका समस्या सम्वन्धि

६. यस समस्याका समाधान सम्वन्धि